म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १६८ मंगलबार, १५ माघ २०८१ ने. सं. ११४५ पोहेलागा 28 January 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

वादविवाद प्रतियोगितामा सुरुचि तिमल्सिना प्रथम

हेटौंडा, १४ माघ/सत्यम् जेभियर्स माध्यमिक विद्यालय, हेटौंडा-४ मा वडास्तरीय वादविवाद प्रतियोगिता भएको छ । हेटौंडा उपमहानगरपालिका-४ को आयोजना, शैक्षिक गुणस्तर सुधार समिति, हेटौंडा-४ को संयोजकत्व एवम् सत्यम् जेभियर्स माविको व्यवस्थापनमा कार्यक्रम भएको हो । 'नेपालको सन्दर्भमा विश्वव्यापीकरण वरदान कि अभिसाप' विषयक वादविवाद प्रतियोगितामा सत्यम् जेभियर्स माध्यमिक विद्यालयकी सुरुचि तिमल्सिना प्रथम, ब्रह्मदिक एकेडेमीकी स्तुति गुरागाईं द्वितीय र नवोदय शिशुसदनकी शिक्षा भुषाल तृतीय भएका छन् । कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-४ भित्रका ६ वटा विद्यालयबाट १२ जना विद्यार्थी सहभागी थिए । कार्यक्रममा बोल्दै प्रमुखअतिथि शैक्षिक गुणस्तर सुधार समिति हेटौंडा-४ का अध्यक्ष श्रीराम दाहालले यस्ता कार्यक्रमले विद्यार्थीको सिर्जनशीलता तथा व्यक्तित्व विकासमा सघाउ पुग्ने विश्वास व्यक्त गरे ।

शिक्षा विधेयकले प्रदेशमा पर्याप्त अधिकार दिन माग

साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ लामो समयदेखि छलफल चलिरहेको शिक्षा विधेयकमा संघीय संरचनालाई प्रभावकारीरुपमा समावेश नगरिएको भन्दै प्रदेश सांसदहरुले गुनासो गरेका छन् ।

सोमबार हेटौंडामा संघीय संसदअन्तर्गत शिक्षा, स्वास्थ्य तथा सूचनाप्रविधि समितिको आयोजनामा भएको शिक्षा विधेयक सम्बन्धनमा प्रदेशस्तरीय अन्तरक्रियामा प्रदेश सांसद तथा कर्मचारीले विधेयकले प्रदेश सरकार चिन्न सक्ने अवस्था नरहेको बताएका हुन् । विद्यालय शिक्षाको हकमा प्रदेश सरकारलाई अध्ययन, अनुसन्धान तथा नियमनकारी भूमिका र लगानीको जिम्मेवारी दिन जरुरी रहेको उनीहरुले औंल्याएका हुन् ।

लामा समयदेखि गर्भमै रहेको विद्यालय शिक्षा ऐनको सम्बन्धमा प्रदेशस्तरमा छलफल चलिरहेको छ । कार्यक्रममा प्रदेश सांसद पुस्पा भुजेलले शिक्षाको अधिकार प्रदेशलाई प्रदान गर्ने व्यवस्था ऐनमा हुनुपर्ने बताइन् । आवासीय मोडलमा विद्यालय शिक्षाको विकास गरिनुपर्ने भएकाले ऐनलाई सोहीबमोजिम निर्देशित गरिनुपर्ने उनको भनाइ थियो । शिक्षाका संरचनालाई ऐनमा नै व्यवस्था गरेर काम गर्नुपर्नेमा उनले जोड दिइन् । दक्षशिक्षक तयार तथा शिक्षाको गुणस्तर विकास गर्न लगानीलाई बढाउनुपर्ने पनि सांसद भुजेलले बताइन् ।

शिक्षा ऐनले शिक्षाको मात्र नभई अभिभावकको भूमिकालाई पनि समेट्नुपर्ने उनले धारणा व्यक्त गरिन् । कार्यक्रममा सांसद गोविन्द लम्सालले शिक्षालाई उत्पादनसँग जोड्दै अघि बढ्न जरुरी रहेको औंल्याए । प्रदेश सरकारको अधिकार क्षेत्र निर्धारण गरी गुणस्तरीय शिक्षाको व्यवस्था गर्दै सीपयुक्त जनशक्ति निर्माणमा अघि बढ्नुपर्ने उनको भनाइ थियो । सांसद रमा आलेमगरले विद्यार्थीलाई नैतिकवान बनाउन नैतिकशिक्षा अपरिहार्य रहेको बताइन् । विद्यार्थीलाई पढ्दै कमाउँदै जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्नेमा उनले जोड दिइन् ।

प्रदेश सरकारलाई उपेक्षा गरेर विद्यालय शिक्षाको गुणस्तर कायम गर्न नसकिने उनले दाबी गरिन् । वर्तमान शिक्षा र परीक्षा प्रणालीले बेरोजगार जनशक्ति उत्पादन गरेको भन्दै यसलाई खारेज गरिनुपर्ने प्रदेश सांसद उर्मिला लामाले बताइन् । वर्तमान शिक्षा प्रणालीका कारण विद्यार्थीमा निराशा पैदा गर्ने काम भइरहेको उनको भनाइ थियो । शिक्षामा व्यावसायीकरण गर्दै नेता र मन्त्रीहरूको लगानी गर्ने प्रवृत्ति अन्त्य हुनुपर्ने र श्रम र रोजगारीसँग जोड्ने गरी प्राविधिक शिक्षा जरुरी रहेको उनले बताइन् ।

कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिव बद्रीनाथ गैरेले विद्यालयशिक्षामा प्रदेशको भूमिका स्पष्ट हुनुपर्ने र तत्कालीन शिक्षा कार्यालय तथा शिक्षा समन्वय ईकाईको अधिकार प्रदेशलाई प्रदान गरिनुपर्ने बताए । शिक्षण सिकाइको प्रणाली सुधार गर्दै विषयगत ल्यावको निर्माण गरेर प्रयोगात्मक शिक्षाको विकास र सीपयुक्त जनशक्ति निर्माणमा अग्रसर हुनुपर्नेमा सचिव गैरेले जोड दिए । सामाजिक विकास मन्त्रालयका अधिकृत रुद्ध शर्माले शिक्षाको सैद्धान्तिक धरातल र मूल्यांकन कायम गरिनुपर्ने बताए ।

शिक्षाको गुणस्तर मापदण्ड निर्धारण गरेर आवश्यकताको आधारमा लगानी गरिनुपर्ने उनको भनाइ थियो । परीक्षा व्यवस्थापन, अनुसन्धान, अनुगमन तथा मूल्यांकनलगायत क्षेत्र प्रदेशमा रहने गरी ऐन निर्माण गर्नुपर्नेमा उनले जोड दिए । शिक्षा निर्देशनालय बागमती प्रदेशका महानिर्देशक खुबिराम अधिकारीले शिक्षा विधेयकका कुनै पनि दफामा प्रदेश सरकारको भूमिका स्पष्ट हुन नसकेको बताए ।

मातृभाषा शिक्षा तथा निःशुल्क शिक्षाको अधिकार प्रदेशमा भएपनि लगानी गर्ने अधिकार कानुनले दिन नसकेको अधिकारीको भनाइ थियो । शिक्षा समन्वय संरचनालाई प्रदेशमा व्यवस्थापन गर्नुपर्ने र ऐच्छिक विषयको पाठ्यक्रम निर्माण प्रदेश सरकारलाई उपलब्ध गर्ने गरी विधेयकमा व्यवस्था गरिनुपर्ने अधिकारीले जोड दिए ।

२२ हजारबढी छात्रालाई एचपिभी खोप लगाइने

साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप (एचपिभी) मकवानपुरका करिब २२ हजार बढी छात्रालाई लगाइने भएको छ ।

१० वटा पालिकाभित्रका विभिन्न विद्यालयमा अध्यनरत २२ हजार ७१३ जना छात्रालाई एचपिभी (ह्युमन प्यापिलोमा भाइरस) खोप लगाइने स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । कार्यालयका अनुसार देशव्यापी अभियानका रुपमा सञ्चालन हुने यो कार्यक्रम यही माघ २२ देखि फागुन ६ गतेसम्म सञ्चालन हुनेछ । कार्यालयका सूचना अधिकारी लक्ष्मण घिमिरेका अनुसार मकवानपुरका कक्षा ६ देखि १० सम्मका १० देखि १४ वर्ष उमेर समूहका छात्रालाई लक्षित गर्दै खोप अभियान सञ्चालन गरिँदैछ ।

मकवानपुरका २४० वटा विद्यालय र ११० वटा स्वास्थ्य संस्थाबाट खोप अभियान सञ्चालन गरिनेछ । विद्यालय जाने कक्षा ६ देखि १० सम्मका २२ हजार ५९ जना छात्रालाई विद्यालयमै र विद्यालय नजाने करिब ६५४ जना छात्रालाई खोपकेन्द्रबाट खोप लगाइने तयारी गरिएको घिमिरेले बताए । स्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख कृष्णबहादुर मिजारले खोप अभियानमा जिल्लामा ३६७ जना तालिम प्राप्त स्वास्थ्यकर्मी र ७३४ जना स्वमसेवक परिचालन गरिने र प्रत्येक खोपकेन्द्रमा एकजना स्वास्थ्यकर्मी र २ जना स्वमसेवक परिचालन गरिने बताए ।

सबै स्थानीय तहसँग समन्वय गरी खोप अभियान प्रभावकारी बनाईने भन्दै कार्यक्रममा खटिने स्वास्थ्यकर्मीलाई तालिम दिइसकेको र आगामी २० गतेभित्र सबै स्थानीय तहमा खोप पुग्ने प्रमुख मिजारले बताए ।

प्रमुख मिजारका अनुसार यो अभियानले ९० प्रतिशत किशोरीलाई खोप पुऱ्याउने लक्ष्य राखेको छ । महिलाको पाठेघरको क्यान्सर परीक्षण र उपचारसमेत सुनिश्चित गर्ने सरकारको योजना अनुसार यो अभियानले पाठेघरको मुखको क्यान्सरको जोखिम कम गर्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको उनले बताए ।

खोप कार्यक्रममा लक्षित समूहका छात्रालाई अनिवार्यरुपमा सहभागी बनाउन समेत उनले आग्रह गरे ।

गढीमा बेसारखेती तालिम सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ मकवानपुरगढी गाउँपालिका-५ सिमलटारमा व्यावसायिक तथा प्रविधिमैत्री बेसारखेतीको तालिम सुरु भएको छ । सोमबारबाट सुरु भएको तालिम चारदिनसम्म सञ्चालन हुनेछ ।

बुङ्दल सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष भीमबहादुर अधिकारीको अध्यक्षतामा तालिमको उद्घाटन गरिएको हो । वनक्षेत्रमा बेसारखेती गर्दै आइरहेको बुङ्दल महिला कृषि आयआर्जन समूहमा आवद्ध सदस्यलाई बेसार खेतीको तालिम प्रदान गरिएको हो । सरकारको प्रविधि प्रणालीअनुरुप बेसारखेती प्रविधिबारे सहजीकरण गरिएको हो । तालिमलाई कृषि विषयका सहप्राध्यापक किरण तिमल्सिनाले प्रशिक्षण गरेका हुन् । पहिलो दिन बेसारको परिचय, बेसार खेती लगाउने तरिका, कस्तो हावापानी, वीउ छनोट र उपचार विषयमा सहजीकरण गरेका थिए ।

तालिम अवधिभर बेसार गोडमेल, ग्रेडिङ, बेसार कटिङ, बजारीकरण, वीउ उत्पादन, कम्पोष्ट मल बनाउने तरिकालगायत विषयमा तालिम प्रदान गरिने वन समूहका अध्यक्ष अधिकारीले बताए । तालिममा प्रशिक्षक तिमल्सिना, नरेश आचार्य, वन समूहका सल्लाहकार चन्द्रप्रसाद दुलाल, फेकोफन मकवानपुरका कार्यक्रम संयोजक सन्ध्या शिवाकोटी, आयआर्जन समूहका अध्यक्ष विन्दा लामिछानेलगायतको उपस्थिति रहेको थियो ।

खानेपानी मन्त्रालयको अर्धवार्षिक प्रगति समीक्षा

साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ बागमती प्रदेशको खानेपानी, उर्जा तथा सिँचाई मन्त्रालयले चालु आर्थिक वर्षको अर्धवार्षिक प्रगतिको विवरण सार्वजनिक गरेको छ ।

मन्त्रालयले प्रदेशको राजधानी हेटौंडामा सोमबार एक कार्यक्रमको आयोजना गरी आर्थिक वर्ष २०८१/८२ को साउनदेखि पुस मसान्तसम्ममा सम्पन्न गरेका प्रमुख कार्यको प्रगति विवरण सार्वजनिक गरेको हो ।

कार्यक्रममा प्रदेशको १३ जिल्लाका जलस्रोत तथा सिचाईं डिभिजन कार्यालय, भूमिगत जतस्रोत तथा सिचाईं विकास डिभिजन कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालयका प्रतिनिधिले आ-आफ्नो कार्यालयले गरेको प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा खानेपानी, उर्जा तथा सिचाईंमन्त्री श्यामकुमार खड्काले खानेपानी तथा सिचाईं जनसरोकारको विषय भएकोले जनतासँग समन्वय गरेर काम गर्नुपर्नेमा जोड दिए ।

डिभिजन प्रमुख र महाशाखाका प्रमुखले प्रस्तुत गरेको प्रगति प्रतिवेदनमा असन्तुष्टि व्यक्त गर्दै मन्त्री खड्काले जो सक्रिय छन् उसको प्रगति देखिएको र जो निस्क्रिए छन् उसको प्रगति न्यून देखिएको उल्लेख गरे । उनले सबैले आफ्नो कार्यालयमा परेको बजेटलाई समयमा नै सदुपयोग गर्नु आग्रह गरे ।

कार्यक्रममा खानेपानी मन्त्रालयका सचिव मोहनकुमार शाक्यले चालु आर्थिक वर्षको प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । सचिव शाक्यले मन्त्रालयको कुल बजेटको ३७ दशमलव ६७ प्रतिशत कार्यसम्पन्न भएको बताए । उनका अनुसार, यो अवधिमा कुल (पुँजीगत) प्रदेश र संघतर्फको कुल बजेटमा १० दशमलव ०५ प्रतिशत प्रगति भएको छ भने वित्तीय प्रगति ११ दशमलव ४८ र भौतिक प्रगति ३० दशमलव ०३ प्रतिशत रहेको छ ।

तामाङ साँस्कृतिक महोत्सवको तयारी तीव्र

साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ हेटौंडामा यही माघ १७ गते तामाङ साँस्कृतिक महोत्सव २०८१ हुने भएको छ । नेपाल तामाङ घेदुङ जिल्ला समन्वय समिति मकवानपुरको आयोजना तथा तामाङ क्लाकार संघ मकवानपुरको सह-आयोजनामा महोत्सव हुन लागेको हो ।

सोमबार पत्रकार सम्मेलन मार्फत् आयोजकले कार्यक्रमबारे जानकारी गराएको हो । कार्यक्रम हेटौंडा उपमहानगरपालिका-१० स्थित टिसिएनचौरमा हुने जिल्ला घेदुङका अध्यक्ष कालु घलानले जानकारी दिए । 'ह्याङलान काओरन ह्याङलान काओ-जम्बुलिङरी छार्ना लाओ' भन्ने उद्देश्यका साथ २८६१ डुल/सा पुछी ल्हो सोनाम ल्होछारको अवसर पारेर महोत्सवको आयोजना गर्न लागिएको अध्यक्ष घलानले बताए ।

महोत्सवमा मकवानपुरे तामाङ कलाकारले गायन तथा नृत्य प्रस्तुती रहनुका साथै लामा, बोम्बो, ताम्बा डम्फु सहितको ऱ्याली तथा झाँकी प्रदर्शन हुने घेदुङका सचिव किरणमान बललले बताए । महोत्सवमा तामाङ समुदायका मौलिक भेषभूषा तथा खानाका परिकार प्रदर्शन हुने र सोनाम ल्होछारको शुभकामना आदानप्रदान तथा सम्मान कार्यक्रम समेत गरिने उनले बताए ।

महोत्सवमा युद्ध लामा, अभि लामा, अनिता गोले, विक्रम लुङ्वा, अनराज तामाङ, सुजना रुम्बा, साम्तेन मोक्तान, केशर मोक्तान, आशाराम थिङ, बीरु घलान, बालिका तामाङ, अनिता मुक्तान, प्रतिमा घलान, सुरक्षा तामाङ, पेमा लोप्चनलगायतले साँस्कृतिक कार्यक्रममा प्रस्तुती दिनेछन् । निर्माणाधीन तामाङ संग्रहालय भवन निर्माण सहयोगार्थ महोत्सवको आयोजना गरिएको आयोजकले जनाएको छ । पत्रकार सम्मेलनमा नेपाल तामाङ घेदुङ जिल्ला समन्वय समिति र तामाङ कलाकार संघ मकवानपुरका पदाधिकारी उपस्थित थिए ।

राक्सिराङमा राष्ट्रपति रनिङशिल्ड सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ मकवानपुरको बिकट राक्सिराङ गाउँपलिकामा पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सुरु भएको छ । राक्सिराङ गाउँपालिका-३, पलाँसेस्थित सूर्योदय माध्यमिक विद्यालयको खेल मैदानमा सोमबारदेखि प्रतियोगिता सुरु भएको हो ।

राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगिता आयोजक समितिका संयोजक गाउँपालिका उपाध्यक्ष वनस्तम थिङको अध्यक्षतामा भएको प्रतियोगिताको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले उद्घाटन गरे । अध्यक्ष मल्लले शारीरिक र मानसिक स्वास्थ्यका लागि खेलकुद अपरिहार्य भएको बताए । साविक विजेता सूर्योदय माध्यमिक विद्यालयको आतिथ्यमा आयोजना भएको प्रतियोगितामा राक्सिराङ गाउँपालिकाका ६ वटा माध्यमिक विद्यालय र ३ वटा आधार भूत विद्यालयका एक सय भन्दा बढी विद्यार्थी सहभागी रहेको गाउँपलिका शिक्षाअधिकृत पंकज चौधरीले बताए ।

प्रतियोगितामा एथ्लेटिक्स, भलिबल, कबड्डी लगायतका खेल समावेश गरिएको छ । पालिकास्तरीय प्रतियोगितामा छनोट भएका खेलाडी जिल्लास्तरीय प्रतियोगितामा सहभागी हुने उनले बताए । राक्सिराङ गाउँपालिकामा ५२ वटा सामुदायिक र २ वटा संस्थागत विद्यालयमा ५ हजार भन्दा बढी विद्यार्थी विद्यालय तहमा अध्ययनरत छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N_2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

स्वदेशी काठ खरानी नबनाउ

नेपालका सखुवाका बहुमूल्य काठ हरेक वर्षको वन डडेलोले खरानी भइरहेको छ । तर, मलेसियाबाट डलर खर्चेर कुकाठ आयात गर्ने देश नेपाल मात्रै होला । राष्ट्रिय वनका ढलापढा रुख मात्र निकाल्ने हो भने नेपालमा वार्षिक उपभोग गर्ने काठ निस्कन्छ । तर, अलि पनि नेपालका उपभोक्ताले हरेक वर्ष १५ अर्ब रुपैयाँ भन्दा बढीको कुकाठ मलेसियाबाट आयात गर्नुपरिरहेको छ । आफ्नो देशको गुणस्तरीय सखुवालाई खरानी बनाएर डलर खर्चने सरकारको नीति बुझ्न कठिन छ । हामीले आफ्नै बारीमा रोपेको वा प्राकृतिकरुपमा हाम्रा बारीका डिलमा उम्रिएको सालको रुख काट्न नपाउने नियम सरकारले बनाएको थियो । यसले सर्वसाधारण उपभोक्तालाई मर्का परिरहेको थियो । सरकारले नम्बरी आवादीका सालका रुख काट्ने र उपभोग गर्न पाउने निर्णय गरेको पनि एकवर्ष बढी भइसकेको छ । बागमती प्रदेशको वन तथा वतावरण मन्त्रालयले निजीवनमा रहेका साल प्रजातिको रुख कटानकार्य सुरुवात गर्नका लागि अनुगमन कार्यविधि तयार पारेको छ । वन निर्देशनालयले हेटौंडामा आयोजना गरेको २ दिने दोस्रो त्रैमासिक समीक्षा गोष्ठीमा मन्त्रालयका सचिव डा.केदार बरालले निजीवनको साल प्रजातिको रुखकटान, उपभोग, ओसारपसार, विक्रीवितरण तथा अनुगमनसम्बन्धी कार्यविधि, २०८१ तयार गरी स्विकृतिका लागि प्रदेश सरकार मन्त्रिपरिषद्मा पठाउने अन्तिम चरणमा पुगेको बताए ।

नेपालको सालको काठ पर्याप्त मात्रामा उत्पादन गर्न सकिने सम्भावना हुँदाहुँदै मलेसियन टिम्बर आयात गरिरहेको अवस्थामा यो कार्यबिधिले उपभोक्तालाई राहत हुने देखिएको छ । मन्त्रालयले निजीवनको साल प्रजातिको रुख कटान, उपभोग, ओसारपसार, विक्रीवितरण तथा अनुगमनसम्बन्धी कार्यविधि, २०८१ मस्यौदा तयार गरिसकेको अवस्था छ । यो कार्यविधि प्रदेश सरकार मन्त्रिपरिषद्वाट स्वीकृत भएपश्चात लागु हुनेछ । यो कार्यविधिवमोजिम दर्ता भएका निजीवन धनीले आफ्नो निजीवनमा लगाएका वा हुर्काएका सालका रुखहरु स्विकृति लिइ कटान र उपयोग गर्न सक्नेछन् । नेपालका धेरै जिल्लामा निजी वन लगाइएको छ । संघीय सरकारको २०८० साल मंसिर ७ गते नेपाल राजपत्र भाग ५ मा प्रकाशन गरेको सूचना १ को ५ (ग) मा दर्ता भएका निजीवनमा लगाइएका वा हुर्काइएका साल प्रजातिको रुख कटान, उपभोग ओसारपसार र विक्रीवितरण गर्न पाउने र यसको प्रदेश सरकारले आवश्यक अनुगमन गर्नुपर्ने व्यवस्था गरेकोले प्रदेश सरकारले निजीवनको साल कटान तथा उपयोग कार्यको अनुगमन गर्नका लागि यो कार्यविधि तयार गरेको हो । साल प्रजातिका रुख काट्न नदिएकै कारण उपभोक्ताले कम गुणस्तरको विदेशी काठ डलर खर्चेर उपभोग गर्नु परिरहेको थियो । प्रदेशको वन तथा वतावरण मन्त्री कृष्णप्रसाद सिलवालले कार्यविधिले कुनै व्यक्तिले गैरकानूनी ढंगबाट अन्य निजीवन धनीको जग्गामा रहेको रुख चोरी कटानी तथा निकासी गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने उल्लेख गरिएको बताए ।

त्यसको अनुगमन तथा प्रतिवेदनसम्बन्धी व्यवस्थामा डिभिजन वन कार्यालय, स्थानीय तह, वन निर्देशनालय र मन्त्रालयले गर्नेछ । अनुमगमनमा प्रभावकारी कार्यका लागि छलफल भइरहेको बताइएको छ । कार्यक्रममा मन्त्रालय मातहतका निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र र डिभिजन वन कार्यालयका प्रमुखले अन्तिम रुप दिएको कार्यविधि प्रदेश सरकार, मन्त्रिपरिषदवाट स्वीकृत भएपश्चात तुरुन्तै लागु गरिनेछ । पछिल्लो वर्षमा नेपालको वनमा सुकेर ढलेका सालको काठ गर्मीयाममा डडेलोबाट खरानी बनेर खेर गइरहेको र कमसल खालका वा न्युन गुणस्तरको विदेशी काठ उपभोग गर्न बाध्य भएको भन्दै सामुदायि वन समूहले बहस उठाएका थिए । नेपाल सरकाले २२ वर्षअघि लगाएको निजी जग्गाको सालको रुख कटानको प्रतिबन्ध खुला भएको हो । विसं २०५८ कात्तिक १६ मा लगाएको प्रतिबन्ध 'निजी वन दर्ता गरेर काट्न पाइने' भनेर विसं २०८० मंसिर ७ मा सरकारले राजपत्रमा सूचना प्रकाशन गरेको थियो । सूचनाअनुसार निजी वनमा लगाइएका सालको रुख कटानको अवरोध हटेको हो ।

महत्वपूर्ण टेलिफोन नम्बरहरु

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२६५८७, ९८४५६१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०८१ माघ १६ गते बुधबार २९ जनवरी २०२५ । औंसी, माघ कृष्णपक्ष । पोहेलागा ११४५ ने.सं. । सूर्योदय ६:५४, सूर्यास्त ५:४१ । शहीद दिवस ।

आजको राशिफल

मेष	: नचिताएको काम सम्पन्न हुनेछ	**तुला**	: यात्राबाट नोक्सान हुनेछ
वृष	: मिहिनेतको फल मिल्नेछ	**वृश्चिक**	: घाउचोट लाग्न सक्नेछ
मिथुन	: स्वास्थ्यमा खराबी आउनेछ	**धनु**	: जग्गा जमिनबाट लाभ हुनेछ
कर्कट	: शुभ कामको संकेत मिल्नेछ	**मकर**	: सोचेभन्दा बढी खर्च हुनेछ
सिंह	: शरीरमा केही आलश्य हुनेछ	**कुम्भ**	: मित्रतामा कमी आउनेछ
कन्या	: सफलता मिल्न गाह्रो छ	**मीन**	: कामको जिम्मेवारी बढ्नेछ

स्वास्थ्य सेवामा सुधारको खाँचो

✍ प्रविनकुमार यादव

स्वास्थ्य क्षेत्र प्रत्येक राष्ट्रका लागि अत्यन्त महत्वपूर्ण क्षेत्र हो, जसले समाजका प्रत्येक वर्गका नागरिकको जीवन र स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पार्दछ । स्वस्थ शरीर र मनले मात्र व्यक्ति र समाजलाई जीवनमा सफलता, प्रगति र शान्ति प्राप्त गर्न सक्षम बनाउँछ । स्वास्थ्य सेवा प्रणालीको सुधार र विकासको आवश्यकता निरन्तर महत्त्वपूर्ण रहेको छ, किनभने स्वास्थ्य नागरिकहरूको जीवनको आधारभूत पक्ष हो । नेपालमा हालको स्वास्थ्य सेवा प्रणालीले निश्चित हदसम्म उपलब्धि हासिल गरेको भए पनि, यसमा अझै सुधारको खाँचो छ । कानुनी प्रावधानहरू र अन्तर्राष्ट्रिय सन्धिहरूले स्वास्थ्य सेवाको अधिकार र गुणस्तरको सुनिश्चितता गर्ने प्रयास गरे पनि, वास्तविकता भने यी कानुनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन र विकासमा विभिन्न चुनौती एवं अड्चनहरू रहेका छन् ।

नेपालको संविधान, २०७२ को धारा ३५ ले स्वास्थ्यलाई आधारभूत अधिकारका रूपमा परिभाषित गर्दै प्रत्येक नेपाली नागरिकलाई स्वस्थ जीवनयापन गर्न आवश्यक स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ । संविधानले संघीय, प्रादेशिक र स्थानीय सरकारहरूलाई स्वास्थ्य सेवामा समानता र पहुँच सुनिश्चित गर्न स्पष्ट दायित्व तोकेको छ । नेपाल सरकारले 'स्वास्थ्य सेवामा राष्ट्रिय रणनीतिक योजना' जस्ता कार्यक्रम सञ्चालन गरी स्वास्थ्य सेवाको पहुँच, गुणस्तर र उपलब्धता वृद्धि गर्ने प्रयास गरिरहेको छ । नि:शुल्क औषधि वितरण, मातृ तथा शिशु स्वास्थ्य कार्यक्रम, बालस्वास्थ्य कार्यक्रम, स्वास्थ्य चौकीहरूको विस्तारजस्ता योजनाले मातृ मृत्युदर र बाल मृत्युदर घटाउनुका साथै रोग रोकथाममा उल्लेखनीय योगदान पुर्‍याएका छन् । यद्यपि, यी प्रयासहरूको प्रभावकारिता सीमित छ, किनभने ग्रामीण र दुर्गम क्षेत्रमा स्वास्थ्य सेवाको अभाव, दक्ष स्वास्थ्यकर्मीको कमी र आर्थिक स्रोतको न्यूनताजस्ता समस्याहरू विद्यमान छन् ।

यस्तै, जनचेतनाको अभावले गर्दा धेरै नागरिक समयमै स्वास्थ्य सेवा खोज्न असमर्थ छन्, जसले स्वास्थ्य समस्यालाई झन् जटिल बनाउँछ । त्यसैले, नेपालको स्वास्थ्य सेवा प्रणालीको विकासका लागि नीति निर्माणसँगै कार्यान्वयनमा ठोस कदम चाल्न आवश्यक छ । स्रोत-साधनको व्यवस्थापन, प्रशिक्षित मानव संसाधनको वृद्धि र अन्तर्राष्ट्रिय सहकार्यले स्वास्थ्य सेवामा सुधार ल्याउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । साथै, जनचेतना अभिवृद्धिका लागि विद्यालय स्तरदेखि नै स्वास्थ्य शिक्षा प्रदान गर्नुपर्छ । यी सबै उपायले नेपाललाई स्वास्थ्य सेवा प्रणालीलाई समावेशी, दिगो र प्रभावकारी बनाउने लक्ष्य हासिल गर्न सहयोग पुर्‍याउनेछ ।

स्वास्थ्य सेवामा देखिएका चुनौतीहरू :

नेपालको स्वास्थ्य सेवा प्रणालीले पछिल्लो दशकमा केही प्रगति गरे पनि, विभिन्न संरचनात्मक, आर्थिक, र व्यवस्थापकीय चुनौतीहरूले यसको प्रभावकारिता र पहुँचमा अवरोध उत्पन्न गरेका छन् । आर्थिक स्रोतको न्यूनता, ग्रामीण क्षेत्रमा सेवा पहुँचको कमी, दक्ष जनशक्तिको अभाव, संघीयतासँग सम्बन्धित समन्वय समस्याहरू, जनचेतनाको अभाव र निजी क्षेत्रको प्रभुत्व प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

नेपालको स्वास्थ्य सेवा प्रणालीको सबैभन्दा ठूलो समस्या आर्थिक स्रोतको अभाव हो । २०७९/८० मा स्वास्थ्य क्षेत्रमा कुल बजेटको ६.५ प्रतिशत मात्र छुट्याइएको थियो, जुन विश्व स्वास्थ्य संगठनले सिफारिस गरेको १०-१५ प्रतिशतभन्दा निकै कम हो । यसले देशभरका स्वास्थ्य सेवाहरूलाई प्रभावकारी बनाउन अवरोध पुर्‍याएको छ ।

ग्रामीण क्षेत्रका स्वास्थ्य केन्द्रहरूमा पर्याप्त उपकरण, औषधि र पूर्वाधारको अभाव प्रमुख समस्याका रूपमा देखिएको छ । उदाहरणका लागि, दुर्गम गाउँका स्वास्थ्य केन्द्रहरूले सामान्य उपचारसमेत प्रभावकारीरूपमा गर्न नसक्दा नागरिकहरूले लामो दूरी पार गरी शहरी अस्पताल जानुपर्ने बाध्यता रहेको छ । नेपालको ६० प्रतिशत जनसंख्या ग्रामीण क्षेत्रमा बसोबास गर्छन् । तर, यिनै क्षेत्रमा स्वास्थ्य सेवा अत्यन्त सीमित छ । दुर्गम भौगोलिक बनावट, कमजोर यातायात सुविधा र स्वास्थ्य संस्थाको अभावले ग्रामीण बासिन्दाहरूलाई सेवा उपलब्ध गराउन कठिनाइ भएको छ । सरकारी प्राथमिकताहरू प्रभावकारीरूपमा लागू नभएकाले दुर्गमका बासिन्दाहरू अझै पनि गुणस्तरीय सेवाबाट वञ्चित भइरहेका छन् । प्राथमिक स्वास्थ्य केन्द्रहरूमा आवश्यक उपकरण र सेवा उपलब्ध नहुँदा आकस्मिक अवस्थामा समेत सेवाको पहुँच छैन ।

स्वास्थ्य सेवा सुधारका लागि यहाँ दक्ष जनशक्तिको उपलब्धता अत्यावश्यक छ । तर, ग्रामीण क्षेत्रमा स्वास्थ्यकर्मीहरू बस्न अनिच्छुक हुने गरेको देखिन्छ । उचित तालिम र आधुनिक प्रविधिको सीमित प्रयोगले यहाँको सेवा कमजोर बनाएको छ । २०२२ को तथ्यांकअनुसार, प्रतिहजार जनसंख्याका लागि नेपालमा ०.८ चिकित्सक र २.३ नर्स मात्र उपलब्ध थिए, जुन विश्व स्वास्थ्य संगठनको न्यूनतम मानकभन्दा निकै कम हो । यो अभावले ग्रामीण क्षेत्रका नागरिकहरूको जीवनस्तरमा प्रतिकूल प्रभाव पारेको छ । संघीय प्रणाली लागू भएसँगै संघीय, प्रादेशिक र स्थानीय सरकारहरूबीच समन्वयको कमीले योजना र नीति कार्यान्वयनमा अवरोध ल्याएको छ । कतिपय अवस्थामा जिम्मेवारीको अस्पष्टताले योजना प्रभावकारीरूपमा लागू हुन सकेको छैन । ग्रामीण क्षेत्रमा जनचेतनाको अभावले स्वास्थ्य अधिकार, नियमित परीक्षण र रोग रोकथाम सेवाबाट नागरिकहरू वञ्चित भइरहेका छन् । निजी क्षेत्रको प्रभुत्वले स्वास्थ्य सेवा महँगो भएको छ । सार्वजनिक क्षेत्रका सेवाहरू कमजोर हुँदा नागरिकहरूले महँगो निजी सेवाको भर पर्नुपर्छ । शहरमा निजी अस्पतालहरूको वृद्धिले गुणस्तरमा सुधार भए पनि आर्थिकरूपमा कमजोर वर्गका लागि यी सेवा पहुँचयोग्य छैनन् । ग्रामीण क्षेत्रमा स्वास्थ्य संस्थाको अभावले नागरिकहरूलाई महँगो निजी सेवा लिन बाध्य बनाएको छ ।

कानुनी प्रावधान र कमजोर कार्यान्वयन :

नेपालमा स्वास्थ्य सेवामा सुधार गर्न राष्ट्रिय कानुनी प्रावधान र अन्तर्राष्ट्रिय सन्धिहरू महत्वपूर्ण छन् । नेपालको संविधान २०७२ को धारा ३५ अन्तर्गत स्वास्थ्यलाई नागरिकको मौलिक अधिकारका रूपमा मान्यता दिइएको छ । यस धाराले प्रत्येक नागरिकलाई नि:शुल्क आधार भूत स्वास्थ्य सेवा प्राप्त गर्ने र सबै नागरिकको स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्न सर कारलाई जिम्मेवार ठहर्‍याएको छ । साथै, संविधानले मातृ स्वास्थ्य, बाल स्वास्थ्य र वृद्ध नागरिकहरूको हकमा विशेष व्यवस्था गरेको छ । स्वास्थ्य सेवा ऐन, २०७५ ले स्वास्थ्य सेवाको गुणस्तर र पहुँच सुधार गर्न कानुनी प्रावधानहरूको व्यवस्था गरेको छ । यस ऐनले स्वास्थ्य सेवाको व्यवस्थापन र निगरानीमा जोड दिँदै नागरिकलाई सस्तो र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्य राखेको छ । संघीयता कार्यान्वयनसँगै संघीय, प्रादेशिक र स्थानीय सरकारहरूको भूमिकालाई स्पष्ट गरी स्वास्थ्य सेवा प्रणालीलाई समावेशी बनाउन जोड दिएको छ । अन्तर्राष्ट्रिय स्तरमा, नेपालले स्वास्थ्य सुधारका लागि विभिन्न सन्धिहरूमा प्रतिबद्धता जनाएको छ ।

नेपाल विश्व स्वास्थ्य संगठनको सदस्य राष्ट्र हो । संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्यअन्तर्गत सार्वभौमिक स्वास्थ्य सेवा सुनिश्चित गर्ने लक्ष्यमा नेपालले सहमति जनाएको छ । अन्तर्राष्ट्रिय मानवअधिकार घोषणापत्र, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको अन्तर्राष्ट्रिय सन्धि, बालअधिकार महासन्धिजस्ता सन्धिहरूले नेपाललाई स्वास्थ्य अधिकार प्रवर्द्धन गर्न प्रोत्साहित गरेका छन् । तर, यी कानुनी प्रावधान र सन्धिहरूको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण छ ।

पहिलो, आर्थिक स्रोतहरूको अभावले ग्रामीण क्षेत्रका नागरिक गुणस्तरीय स्वास्थ्य सेवाबाट वञ्चित भइरहेका छन् । दोस्रो, स्वास्थ्यकर्मी र आधुनिक उपकरणको अभावले सेवाको गुणस्तर प्रभावित भएको छ । तेस्रो, संघीयता कार्यान्वयनमा समन्वयको अभावले योजना र नीतिहरू प्रभावकारी हुन सकेका छैनन् । चौथो, स्वास्थ्य अधिकारबारे जनचेतनाको कमीले सेवाको पहुँच कमजोर बनेको छ । समस्याको समाधानका लागि प्रभावकारी नीति कार्यान्वयन, पर्याप्त स्रोत व्यवस्थापन, दक्ष स्वास्थ्यकर्मीको विकास र जनचेतना अभिवृद्धि आवश्यक छ । संघीयताअन्तर्गत सरकारका तीनै तहबीच समन्वय र सहकार्यले स्वास्थ्य सेवा प्रणालीलाई सुधार गर्न मद्दत गर्दछ ।

समाधानका उपायहरू :

स्वास्थ्य सेवामा सुधारका लागि माथि उल्लिखित चुनौतीहरूको समाधान गर्न विभिन्न योजनाहरू र रणनीतिहरू अवलम्बन गर्नु अत्यन्त आवश्यक छ । पहिलो, स्वास्थ्य क्षेत्रमा वित्तीय लगानी बढाउँदै आर्थिक स्रोतको वृद्धि गर्नुपर्छ । स्वास्थ्य सेवाको पहुँच र गुणस्तर सुधार गर्न सरकारको बजेटको ठूलो अंश स्वास्थ्य क्षेत्रमा छुट्याउनुपर्छ । बजेट वृद्धिसँगै सरकारी र निजी क्षेत्रबीच सहकार्य बढाई सार्वजनिक-निजी साझेदारीलाई प्रोत्साहन गर्नुपर्छ, जसले स्वास्थ्य सेवाका पूर्वाधार र सुविधाहरूको विकासमा सहयोग पुर्‍याउँछ । दोस्रो, स्वास्थ्य शिक्षाको प्रवर्द्धनले दीर्घकालीन सुधारको आधार निर्माण गर्न सक्छ । नागरिकलाई स्वास्थ्य सेवाका अधिकार र उपलब्ध सेवाहरूको जानकारी दिन जनचेतना अभिवृद्धि गर्नुपर्छ ।

विद्यालय र विश्वविद्यालयमा स्वास्थ्य शिक्षा अनिवार्य गरी जनतालाई स्वास्थ्यसम्बन्धी जानकारी प्रदान गर्न सकिन्छ, जसले उनीहरूलाई आफ्ना स्वास्थ्य समस्याबारे सजग बनाउँदै समयमा नै उपचार खोज्न प्रेरित गर्छ । तेस्रो, ग्रामीण क्षेत्रको स्वास्थ्य सेवामा सुधार गर्नका लागि स्रोत र उपकरणहरूको सुनिश्चितता आवश्यक छ । ग्रामीण क्षेत्रका स्वास्थ्य चौकी र स्वास्थ्य केन्द्रहरूको संख्या वृद्धि गर्नुका साथै तिनीहरूलाई आवश्यक उपकरण र औषधिले सुसज्जित बनाउनुपर्छ । स्वास्थ्यकर्मीहरूको तालिमका अवसरहरू बढाएर ग्रामीण क्षेत्रमा प्रभावकारी सेवा प्रदान गर्न सकिन्छ । चौथो, प्रशिक्षित मानव संसाधनको वृद्धि आवश्यक छ ।

स्वास्थ्य क्षेत्रका कर्मचारीहरूको संख्या वृद्धि गर्दै उनीहरूको तालिम र कार्यक्षमतामा सुधार ल्याउनुका साथै कार्य वातावरणलाई अनुकूल बनाउनुपर्छ । यसले स्वास्थ्य सेवाको गुणस्तर सुधार्न र सेवा लिन आएका नागरिकहरूलाई सन्तुष्टि दिलाउन मद्दत पुर्‍याउँछ । अन्तर्राष्ट्रिय सहकार्यले आधुनिक प्रविधिको उपयोग, प्राविधिक ज्ञानको आदानप्रदान र दिगो स्वास्थ्य सेवाको विकासमा टेवा दिन्छ । यी सबै उपायहरूको प्रभावकारी कार्यान्वयनले स्वास्थ्य सेवा प्रणालीलाई समावेशी, गुणस्तरीय र दीर्घकालीन सुधारतर्फ उन्मुख बनाउन सहयोग गर्दछ ।

निष्कर्ष :

नेपालको स्वास्थ्य सेवा प्रणालीलाई सुधार्न आर्थिक, सामाजिक र व्यवस्थागत चुनौतीहरूको समाधान गर्न आवश्यक छ । ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको न्यून पहुँच, दक्ष जनशक्तिको अभाव, स्रोत-साधनको कमी र जनचेतनाको न्यूनताले स्वास्थ्य सेवा प्रभावकारी हुन सकेको छैन । यी चुनौतीको समाधानका लागि पर्याप्त बजेट छुट्याई ग्रामीण क्षेत्रका स्वास्थ्य संस्थालाई आवश्यक उपकरण र औषधिले सुसज्जित गर्नुपर्छ । प्रशिक्षित स्वास्थ्यकर्मीको संख्या वृद्धि र तालिमका अवसरहरू विस्तार गर्नुपर्छ । यसले सेवाको गुणस्तर र पहुँच दुवैमा सुधार ल्याउँछ ।

साथै, विद्यालय स्तरमा स्वास्थ्य शिक्षा लागू गरी जनचेतना अभिवृद्धि गर्नु दीर्घकालीन सुधारका लागि महत्त्वपूर्ण छ । सार्वजनिक-निजी साझेदारी र अन्तर्राष्ट्रिय सहकार्यबाट वित्तीय र प्राविधिक सहयोग प्राप्त गर्दै आधुनिक प्रविधिको उपयोग स्वास्थ्य सेवामा सुधारका लागि उपयोगी हुनेछ । यसरी, स्पष्ट रणनीति र ठोस कार्यान्वयनका साथ स्रोत व्यवस्थापन, दक्ष जनशक्ति विकास र जनचेतना अभिवृद्धिजस्ता उपायहरूले स्वास्थ्य सेवा प्रणालीलाई समावेशी, सुलभ र दिगो बनाउँदै नागरिकहरूको स्वास्थ्य अधिकार सुनिश्चित गर्न सकिनेछ ।

(साभार: न्यूज अफ नेपाल)

स्थानीय तहले विद्यालय शिक्षाको जिम्मेवारी वहन गर्लान् ?

✍ रमेशप्रसाद लामिछाने

नेपालको संविधान-२०७२ को भाग-३ मा व्यवस्था भएको मौलिक हक र कर्तव्य अन्तर्गत धारा-३१ मा शिक्षा सम्बन्धी हक उल्लेख गरिएको छ । यस धाराको दफा–१ ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ र दफा-२ ले प्रत्येक नागरिकलाई राज्यबाट आधार भूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ । त्यस्तै यसै संविधानको अनुसूची ८ मा उल्लेख भएको स्थानीय तहको अधिकार सूची नं. ७ मा आधारभूत र माध्यमिक शिक्षा भनी किटानी गरिएको छ ।

सँगै अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची नं. २ मा शिक्षा, खेलकुद र पत्रिका भनी उल्लेख गरिएको छ । शिक्षा अन्तर्गत शिक्षक कर्मचारीको पारिश्रमिक व्यवस्थापन, शिक्षक कर्मचारी दर बन्दी मिलान, सरुवा, पाठ्यक्रम, परीक्षा, नतिजा, सामग्री व्यवस्था, पुस्तकालय, तालिम आदि शीर्षकहरूमध्ये तोकेर नै संघले यो जिम्मा लिने, प्रदेशले गर्ने पर्ने र स्थानीय तहले यी काम शिक्षामा गर्ने भनी किटानी गरिएको भए हालको शैक्षिक संकट धेरै हदमा समाधान भइसक्थ्यो भन्न सकिन्छ । देशको मूल कानून संविधान निर्माणका समयमा शिक्षामा गम्भीरता पटक्कै नभएको कारणले अहिले समस्याहरू बढेका हुन् ।

संविधानले हाम्रा स्थानीय तहहरूलाई करिब स्वायत्त अर्थात् बेलगाम बनाएको देखिन्छ । सबै स्थानीय तहको अवस्था र हाम्रो समग्र भूगोलको आवश्यक विश्लेषण नभएको कारणले शिक्षा लगायतका अरू क्षेत्रमा समेत विवाद कायमै छ । घरघरमा सिंहदरबारको नारा सकारात्मक रूपमा लिनै पर्दछ । उपलब्ध साधन र श्रोतको सही आकलन पहिलो शर्त हो । जनशक्तिको परिचालन र व्यवस्थापन झनै पेचिलो मुद्दा बनेको सन्दर्भ भुल्नै नहुने विषय हो । स्थानीय तहहरूमध्ये ६ वटा महानगरको अवस्था प्रत्येक कोणबाट सबल र सक्षम भन्न सकिन्छ । त्यस्तै ११ वटै उपमहानगरहरू पनि धेरै हदमा क्षमतावान् र सबल छन् भन्दा अत्युक्ति नहोला । सबल र सक्षम सँगै कामका लागि नियत पनि उत्तिकै स्पष्ट र सफा हुनैपर्दछ ।

सँगै २७६ वटा नगरपालिकाहरू सबै सबल र क्षमतावान् छन् भन्न सकिन्न । अझ ४६० वटा गाउँपालिकाहरूको अवस्था एकाध बाहेक अधिकांशको स्थिति नाजुक र कमजोर देखिन्छ । सत्य तितो र सहन गाह्रो अनि स्वीकार्न अलि कठिन हुन्छ नै । जनप्रतिनिधिहरूमध्ये शिक्षित अर्थात् शिक्षाको महत्व बुझ्न सक्ने क्षमता भएकाहरू अत्यन्त न्यून रहेको तथ्य जगजाहेर छ । नियत राम्रो भएर पनि काम गर्न नसकेका जनप्रतिनिधि पनि धेरै छन् । कर्मचारी संयन्त्र सधैं जागिरमुखी भएको यथार्थ नमिठो लाग्न सक्छ । शिक्षाको कोणबाट हाम्रा स्थानीय तहहरू अधिकांश लथालिंग भन्नै पर्दछ । प्रमाणका लागि एसईई र कक्षा १२ को नतिजालाई लिन सकिन्छ । विद्यालय मात्र हैन कैयौं गाउँपालिकाको नै नतिजा शून्य रहेको स्थिति छ । नगरहरूमा पनि कतिपय वडाहरू शून्य नतिजाले चिन्तित देखिए । भौतिक कोणबाट हेर्दा २०७२ सालको विध्वंसकारी भूकम्पपश्चात् अधिकांश शिक्षण संस्थाहरू सबल बनेका छन् ।

केही भवन अझै निर्माण भैरहेका छन् । गाउँ-गाउँका नयाँ बनेका विद्यालय भवनहरूले विकसित मुलुकको झल्को दिएका छन् । फर्निचर तथा कक्षाकोठा स्तरीय देखिन्छन् । शौचालय, पिउनेपानी, खेल मैदान, कम्पाउण्ड आदिको अवस्था पछिल्ला वर्षहरूमा मजबूत बनिरहेका छन् भन्दा विमति नहोला । प्रविधिको कोणबाट कम्प्युटर ल्याब, प्रोजेक्टर, सिसीक्यामेरा, अडियो भिजुअल सिस्टम, स्मार्ट टिभी, स्मार्ट बोर्ड समेतबाट प्रविधियुक्त कक्षाकोठा मात्र हैन शिक्षक, विद्यार्थीहरू ल्यापटप बोकेर सिक्ने-सिकाउने वातावरणको प्रशंसा गर्नै पर्दछ । कोभिड महामारीले शिक्षालाई प्रविधिको निकट बनाएको पक्ष सकारात्मक रूपमा लिनै पर्दछ ।

यी सुविधाहरूका बावजुद पनि गाउँका विद्यालयहरू रित्तिँदै जानु र कमजोर नतिजाले डरलाग्दो भविष्यको संकेत गरिसकेको छ । संविधानलाई मिचेर शिक्षामा संघको हस्तक्षेप भएको स्थानीय तहको आरोप सुन्न सकिन्छ । विषयगत शिक्षकको अभाव, न्यून दरबन्दी, सरुवामा समस्या जस्ता कारण देखाएर स्थानीय तहहरू पानीमाथि ओभानो बन्ने कसरत देखाइरहेका छन् । स्थानीय जनप्रतिनिधिका रुचि र चाहना अनुसारका शिक्षक मिलाउने प्रयत्न गर्दा सीधा राजनीतिक हस्तक्षेप भएको देखिन्छ । विद्यालयका प्रधानाध्यापकहरू प्रचलित कानून बमोजिम व्यवस्था गर्न नसक्नु, सरुवामा आफ्ना मान्छे रोज्नु, आर्थिक चलखेललाई प्राथमिकता दिनु, विद्यालयको आवश्यकता भन्दा पनि प्रतिनिधिकै रोजाइमा मात्र केन्द्रित देखिनु, आर्थिक सहयोग गर्दा कमिशन अर्थात् अतिरिक्त रकम आर्जनको रुचि राख्नु, विद्यालयमा शिक्षण सिकाइको स्तरोन्नति तर्फभन्दा पनि व्यक्तिगत चाहनाका गैर शैक्षिक क्रियाकलापमा दबाव दिनु जस्ता क्रियाकलापबाट अधिकांश स्थानीय प्रतिनिधिहरू आलोच्य बनेका छन् ।

आफ्नो मान्छे छैन भने र चाकडी नगर्ने स्वाभिमानी प्रधानाध्यापक भएका विद्यालयको खोइरो खन्ने र समुदायमा समेत नकारात्मक अफवाह फैलाउने काम गर्ने जनप्रतिनिधिहरू पनि देखिएका छन् । नातामा वा राजनीतिक दलमा आफूनिकट रहेकाहरू नियमित स्कूल जान नपर्ने, गए पनि कक्षा जान अल्छी गर्ने, शिक्षण सिकाइको तयारी नभएका, आर्थिक लोभलालच गर्ने, नेताका प्रशंसा र चाकडीमा दौडिरहने, विद्यार्थी र अभिभावकका बीच अलोकप्रिय भएतापनि त्यस्ता शिक्षकहरू मात्र रोजेर खोजेर संरक्षण गरिएकाले नै नतिजा राम्रो नआएको भन्न सकिन्छ । शिक्षक आफू अनुकूल हुनुपर्ने स्थिति नै दुर्भाग्यपूर्ण भन्नै पर्दछ ।

स्थानीय तहका शिक्षा शाखाहरू अपेक्षित रूपमा सबल र सक्षम नहुनाले नै समस्या भएको देखिन्छ । आवश्यक जनशक्तिको अभाव पहिलो स्थिति हो । कतिपय पालिकाले शिक्षकहरू काजमा तानेर शैक्षिक प्रशासनका काममा लगाउने अवस्था राम्रो भन्न सकिन्न । प्रदेश तथा संघमा शिक्षाका धेरै उपसचिव तथा सहसचिव स्तरका कर्मचारी जिम्मेवारी विहीन भई हाजिर मात्र गरी जागिर खाइरहेको समाचार बाहिर आएकै छ । यो सिधै कर्मचारी मिलानमा देखिएको समस्या हो । कक्षा ८ को अर्थात् आधारभूत तहको अन्तिम परीक्षाको अभिभारा कानूनले स्थानीय तहलाई दिएको छ । उक्त परीक्षा व्यवस्थित गर्न नसकेर स्थानीय तहका प्रश्नपत्र र नतिजाका हर्कत मिडियामा छरपष्ट भएको धेरैलाई थाहा छ । अर्कोतर्फ, पाठ्यक्रमले निर्धारण गरेको कक्षा १-५ को स्थानीय पाठ्यक्रम अलपत्र देख्न सकिन्छ ।

कतिपय पालिकाले प्रयत्न गरेर पनि नियमित गर्न नसकेको र धेरैले बनाउने पहल नै नगरेको त सबैलाई थाहा छ । धेरै पालिकाले भने स्थानीय भाषाको नाममा अंग्रेजी विषय रोजेको र नगण्यले भने मातृभाषाको पाठ्यपुस्तक नै तयार गरी प्रयोगमा ल्याएको समेत पाइएको छ । विद्यालयको समग्र शैक्षणिक क्रियाकलापमा सहयोग पुग्ने अनुगमन तथा सुपरीवेक्षण गर्ने क्षमता र सीप भएका योग्य तथा सक्षम शैक्षिक जनशक्ति स्थानीय तहको अर्को जरूरी सबाल हो ।

अन्त्यमा, विद्यालय शिक्षा ऐन ल्याउने तयारीमा रहेको बेला शिक्षक व्यवस्थापन सहित विद्यालयहरू संघ मातहत नै रहनुपर्छ भन्ने र संवैधानिक व्यवस्थालाई अक्षरश: पालना हुनुपर्छ भन्नेहरू बीच दोहोरी चलिरहेको हालको अवस्थामा विद्यालय शिक्षाको समग्र भार स्थानीय तहले वहन गर्ने सवालमा माथि उल्लेख भएको स्थितिका आधारमा शंका देखिनु अन्यथा होइन ।

(साभार: अनलाइनखबर)

बाबुराजा अपहरण प्रकरण :

१२ वर्षको मिहिनेतबाट समातिएका अपहरणकारी फरार भएपछि दोषी ठहर

काठमाडौं/प्यारी कोल्ड स्टोरका सञ्चालक बाबुराजा रावलको अपहरणमा जोडिएक एक व्यक्तिलाई उच्च अदालत पाटनले दोषी ठहर गरेको छ। सोले कुमार भनेर चिनिने दुर्गाबहादुर बुढाथोकीलाई उच्च अदालत पाटनले दोषी ठहर गरेको हो। गत ७ माघमा टंकप्रसाद गुरुङ र प्रकाश खरेलको संयुक्त इजलासले जिल्ला अदालतको फैसला उल्टाउँदै बुढाथोकीलाई सफाइ दिएको हो। उच्च अदालत पाटनका सूचना अधिकारी अर्जुनप्रसाद आचार्यले बुढाथोकीलाई अपहरण तथा शरीर बन्धकको कसुरमा दोषी ठहर गरिएको बताए। 'उहाँ (बुढाथोकी) दोषी ठहर हुनभएको छ। कति सजाय निर्धारण भयो भन्ने विषय भोलि खुल्छ,' आचार्यले संचारकर्मीसँग भने।

यसअघि ५ असोज २०७८ मा बुढाथोकीलाई जिल्ला अदालत काठमाडौंका न्यायाधीश अम्बिका प्रसाद निरौलाको इजलासले सफाइ दिएको थियो। 'पकाउ परेका व्यक्ति दुर्गाबहादुर नै हुन् भन्ने प्रमाण नभएको, उनले आफू भारतीय नागरिक रहेको बताएको, सोही अनुसारको कागजात समेत पेस गरेको र अपहरणमा संलग्न भनिएका व्यक्तिले नै दुर्गाबहादुरलाई नचिन्ने बताएको' जस्ता आधारहरू देखाउँदै न्यायाधीश निरौलाको इजलासले सफाइ दिएको थियो।

प्रहरी हिरासतमा हुँदा अपराध स्वीकारेको (सांविति बयान) दिएका दुर्गाबहादुर बुढाथोकीले अदालतमा भने भारतको राशन कार्डदेखि जन्मदर्तासम्म पेस गरेर आफू भारतीय नागरिक प्रकाश क्षेत्री भएको बताएका थिए। त्यसबारे अनुसन्धान अधिकृतहरूसँग थप नबुझी र प्रमाण समेत नफिकाई निरौलाले सफाइ दिएका थिए।

पर्याप्त प्रमाण हुँदाहुँदै बुढाथोकीलाई सफाइ दिएको भन्दै आलोचना भएको थियो। बुढाथोकीलाई नेपाली नागरिक नै नभएको भन्दै न्यायाधीश निरौलाले निर्दोष रहेको फैसला गरेपछि उनी विवादमा तानिएका थिए। पछि बुढाथोकी नेपाली नागरिक नै भएको भन्दै उनको नागरिकतासमेत प्रहरीले जुटाएको थियो।

बुढाथोकी नेपाली नागरिक रहेको प्रमाण प्रहरीले जुटाएपछि न्यायाधीश निरौलामाथि न्याय परिषद्ले छानबिन समेत गरेको थियो। १३ फागुन २०८० मा न्याय परिषद्ले निरौलालाई बर्खास्त गरेको थियो। अपहरणको १२ वर्षसम्मको मेहनतबाट प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) को टोलीले भारतको दार्जेलिङबाट बुढाथोकीलाई १५ पुस २०७७ मा पकाउ गरेर सार्वजनिक गरेको थियो।

त्यसपछि बुढाथोकीविरुद्ध थप अनुसन्धान गरेर मुद्दा चलाउन भन्दै सीआईबीले जिल्ला प्रहरी परिसर काठमाडौंको जिम्मा लगाएको थियो। काठमाडौं परिसरबाट मुद्दा चलेका बुढाथोकी निर्दोष ठहर भएर जेलबाट छुटेको भोलिपल्ट मात्रै प्रहरीले थाहा पाएको थियो। त्यसपछि यो प्रकरण बाहिर आएको थियो।

यता अपहरणकारी दुर्गाबहादुर बुढाथोकी नै भएको र भारतीय नागरिक रहेको भन्दै फैसला भएपछि अनुसन्धान अधिकृतहरू नै झस्किएका थिए। त्यसपछि यसको वास्तविकता बुझ्न र थप प्रमाण खोज्न भन्दै काठमाडौं उपत्यका प्रहरी कार्यालय रानिपोखरीका तत्कालीन एसएसपी चक्रबहादुर सिंहको नेतृत्वमा पाँच सदस्यीय समिति समेत गठन गरिएको थियो।

भारतीय नागरिक प्रकाश क्षेत्री भन्दै अदालतले सफाइ दिएका व्यक्ति दुर्गाबहादुर बुढाथोकी नै रहेको भन्दै प्रमाणहरू समेत प्रहरीले जुटाएको थियो। जिल्ला प्रशासन कार्यालय सर्लाहीबाट जारी भएको नागरिकता समेत प्रहरीले जुटाएको थियो। प्रमाण हुँदाहुँदै सफाइ पाएपछि यो फैसलाविरुद्ध उच्च अदालतमा पुनरावलोकन भएको थियो। जसमा जिल्लाको फैसला उल्टाउँदै उनलाई दोषी ठहर भएको हो। दोषी ठहर भए पनि बुढाथोकी भने अहिले फरार छन्। उनी त्यतिबेलै फरार भएर भारत पुगेको आशंका गरिए पनि अहिलेसम्म पकाउ पर्न सकेका छैनन्।

कसरी भयो अपहरण ?

बाबुराजा रावलको अपहरणका मुख्य योजनाकार उदय सेट्ठी हुन्। अमर ठण्डन अपहरणमा पकाउ परेर जेल परेपछि सेट्ठीले नेपालमा अपहरणको भन्दा चलाएका थिए। १ पुस २०६५ मा रावलको अपहरण भएको थियो। मास्ती गाडीमा हालेर ४/५ जनाको समूहले मुखमा पट्टी बाँधेर रावलको अपहरण गरेको थियो। अपहरणमा प्रयोग भएको उक्त भ्यान कान्ति बाल अस्पतालको पार्किङमा प्रहरीले फेला पारेको थियो। यो अपहरणबारे प्रहरीले त्यसबेला मात्रै थाहा पायो, जति बेला बाबुराजा अपहरणमुक्त भइसकेका थिए। यही अपहरण घटनाको अनुसन्धानका सिलसिलामा अपहरणकारीका नाइके भारतीय नागरिक उदय सेट्ठी पकाउ परे। तर सेट्ठीले भने बाबुराजाको अपहरण अस्वीकार गरे। प्रहरीको अनुसन्धानका क्रममा सेट्ठीले नै बाबुराजाको अपहरणमा प्रल्हादको संलग्नता हुन सक्ने बताएका थिए। त्यसअघिसम्म प्रल्हाद महतबारे प्रहरी अनविज्ञ थियो। प्रह्लादलगायत अनुसन्धान गर्ने क्रममा नै बाबुराजा रावलको अपहरण प्रकरण सुल्झिएको थियो।

प्रहाल सुरुमा सेट्ठी समूहमै रहेर अपहरणको धन्दा चलाउने व्यक्ति रहेको खुलेको थियो। अपहरणमा प्रयोग हुने चोरीका गाडी, मोटरसाइकल प्रह्लादले नै अहिले दोषी ठहर भएका बुढाथोकीमार्फत बन्दोबस्त गर्ने गरेको अनुसन्धानबाट खुलेको थियो। थप अनुसन्धानका क्रममा प्रह्लादसँगै बाबुराजाको अपहरणमा बिष्णु जिसी, सोले कुमार भनिने दुर्गाबहादुर बुढाथोकी, बंगुरे भनिने विकास कार्की, विनोद कार्की, अनिल गुरुङ, सोल्टी भनिने टासी गुरुङको संलग्नता खुलेको थियो।

यता मोटरसाइकलसहित पकाउ परेका सेट्ठीले उक्त मोटर साइकल प्रह्लादमार्फत नै आफूले लिएको बताएका थिए। उक्त मोटर साइकल लिन भन्दै सेट्ठीमार्फत नै प्रह्लादलाई बोलाएपछि उनी पकाउ परेका थिए। प्रह्लाद पकाउ परेपछि बाबुराजाको अपहरण नालिबेली खुलेको थियो।

बाबुराजालाई अपहरण गरेर राखिएको महाराजगन्जको एक घरमा प्रहरी पुगेको थियो। प्रहरी पुगुनभन्दा केही मिनेट पहिला नै बुढाथोकी त्यहाँबाट भागिसकेका थिए। उनै बुढाथोकीलाई सीआईबीका तत्कालीन डीएसपी अनिल घिमिरेको टोलीले दार्जेलिङबाट १३ वर्षपछि पकाउ गरेको थियो।

(स्रोत: अनलाइनखबर)

'पूर्णबहादुरको सारंगी २' घोषणा, तर निर्देशक खोइ ?

काठमाडौं/सर्वकालीन ब्लकबस्टर फिल्म 'पूर्णबहादुरको सारंगी'को दोस्रो भाग अर्थात् सिक्वेल निर्माण हुने भएको छ। आइतबार काठमाडौंमा आयोजना गरिएको फिल्म सफलताको खुसीयाली कार्यक्रममा निर्माता विनोद पौडेलले सिक्वेल निर्माणको घोषणा गरेका हुन्। यो फिल्मसँगै उनले यसअघि नै पोस्टरमार्फत् घोषणा भइसकेको फिल्म 'रोल नं१' २०८२ सालमा प्रदर्शन हुने पनि जानकारी गराए।

सेभेज सिज सिनेमाको ब्यानरमा बन्न लागेका दुई फिल्ममध्ये 'रोल नं १'लाई जोन योञ्जनले निर्देशन गर्नेछन्। तर, 'पूर्णबहादुरको सारंगी २'को निर्देशकको बारेमा भने जानकारी गराइएन। कार्यक्रममा अनावरण गरिएको फिल्मको घोषणा पोस्टरमा निर्देशकको नाम उल्लेख थिएन। निर्मातामा विनोद पौडेलको नाम मात्र पोस्टरमा देखिन्छ।

उक्त कार्यक्रममा 'सारंगी'का निर्देशक सरोज पौडेल पनि उपस्थित थिए। धेरैलाई लागेको थियो, निर्देशकमा उनकै नाम आउनेछ। तर, त्यसो भएन। निर्देशक बिना नै फिल्मको घोषणा गरिनु आफैमा हास्यास्पद हो। किनकि, फिल्म भनेको निर्देशकीय माध्यम हो। निर्देशक बिना फिल्म बन्न सक्दैन। कतै विनोद आफै निर्देशक बन्न लागेका त होइन ? शंका गर्ने ठाउँ भने छ।

त्यसो त निर्देशक मात्र नभइ कलाकारको बारेमा पनि कुनै जानकारी गराइएको थिएन। बुझिए अनुसार 'पूर्णबहादुर'को सारंगी २'मा प्रकाश सपुत र अञ्जना बराइली दोहोरिने सम्भावना छ। तर, फिल्म सफलताको कार्यक्रममा प्रकाश उपस्थित थिएनन्। अञ्जना भने पोखरामा चलिरहेको फिल्म 'महाभोज'को छायांकन नै रोकेर आएकी थिइन्। 'सारंगी २'लाई २०८३ सालमा रिलिज गरिनेछ।

'पूर्णबहादुरको सारंगी'ले विश्वभर कति कमायो ?

फिल्म सफलताको खुसीयाली कार्यक्रममा विश्वव्यापी ग्रस कलेक्सन रिपोर्ट पनि सार्वजनिक गरिएको थियो। जसअनुरुप फिल्मले नेपालमा ४८ करोड र विदेशमा २७ करोड हाराहारी कमाएको छ। अर्थात् विश्वभरबाट फिल्मले ७५ करोड कमाएको कार्यक्रममा जानकारी गराइयो। नेपाली फिल्मले नेपाल र विदेशमा जोडेको यो अहिलेसम्मकै उच्च अंक हो।

उक्त कार्यक्रममा फिल्मका निर्देशक, कलाकार, प्राविधिकलाई कदर पत्र प्रदान गर्दै चेकसहितको खाम (बोनस) पनि बाँडिएको थियो। तर, बोनस रकम खुलाइएको थिएन। फिल्मका मुख्य अभिनेता विजय बरालले पाएको चेक भने एक करोडमाथिको रहेको कार्यक्रममा गाईगुई सुनिएको थियो। उनी फिल्ममा ५ लाख पारिश्रमिक लिएर ५ प्रतिशत मुनाफाको हिस्सेदारीमा बसेका थिए।

'जुना'को ट्रेलर : अस्मिताको मनछुने अभिनय

काठमाडौं/यही माघ २५ गतेबाट प्रदर्शनमा आउन लागेको जीवन सेन्चुरी निर्देशित फिल्म 'जुना'को ट्रेलर सार्वजनिक गरिएको छ। सोमबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक ३ मिनेट लामो ट्रेलरले एक बालिकालाई पछ्याएको छ, जसको परिवारले जबर्जस्ती बाल विवाह गरिदिन्छन्। यसपछि उनले श्रीमानको घरमा भोग्नुपरेको हिंसा र यातनालाई ट्रेलरमा मर्मस्पर्शी रुपमा देखाइएको छ।

सार्वजनिक ट्रेलरमा फिल्मकी मुख्य पात्र अस्मिता ढकालको अभिनय सशक्त देखिन्छ। भावुक दृश्यमा उनको मनछुने अभिनय छ। ट्रेलर हेर्दा फिल्मले ५० वर्षअघिको नेपालको ग्रामीण जीवन र त्यस बेलाको कुरिती एवं कुसंस्कारलाई मुख्य कथावस्तु बनाएको पष्ट हुन्छ। यो फिल्मले विभिन्न ठाउँमा भएको च्यारिटी शोमा उत्कृष्ट प्रतिक्रिया पाएको थियो।

बाल विवाह र महिला हिंसाविरुद्धको कथामा बनेको फिल्ममा अस्मितासहित कृष्णप्रसाद धिताल, देशभक्त खनाल, रश्मी भट्ट, इन्द्र बिके, कमल बोहोरा, अस्मिता बस्नेत, खगेन्द्र न्यौपाने, विकास आनन्द, केशव अधिकारी लगायतको अभिनय रहेको छ। गोदावारी फिल्म्स प्रोडक्सन एन्ड रिसर्च प्रालिको व्यानरमा निर्माण भएको फिल्मका निर्माता दीपकप्रसाद घिमिरे हुन्।

वर्षौंदेखि नेपाली समाजमा व्याप्त महिला हिंसा, बाल विवाह, अनमेल विवाह, बहुविवाह, बलात्कार, जबरजस्ती करणी, छाउपडी जस्ता कुप्रथालाई अन्त्य गर्ने राष्ट्रिय आवश्यकतालाई फिल्मको माध्यमबाट सम्बोधन गर्ने प्रयास गरिएको निर्देशक सेन्चुरीको भनाइ छ। यो फिल्ममा राजबहादुर सानेको कथा लेखन, बीबी अनुरागी र रमेश सेन्चुरीको संगीत तथा रामेश्वर हुमागाईको डीओपी छ।

हुम्लामा १५ घण्टा अघोषित लोडसेडिङ, मारमा सेवाग्राही

हुम्ला/०६५ साल जेठ १४ गतेबाट सञ्चालनमा आएको हिल्दुम वितरण केन्द्रले दैनिक रुपमा अघोषित लोडसेडिङ गरेपछि हुम्लाका सेवाग्राही मारमा परेका छन्। हरेक दिन १५ घण्टाभन्दा बढी बिद्युत कटौती गरेपछि जिल्लाका २ हजार ५६६ सेवाग्राही प्रत्यक्ष मारमा परेका हुन्। लामो समय बिद्युत कटौती गरेपछि जिल्ला भित्रका सरकारी कार्यालय, गैहसर कारी कार्यालय, स्थानीय बासिन्दा, उद्योगधन्दा, सञ्चारकर्मी, बजारका उपभोक्ता मारमा परेका छन्।

हिल्दुम वितरण केन्द्र हुम्लाले दैनिक रुपमा अघोषित लोडसेटिड गरेपछि बजार क्षेत्र, गाउँघर उद्योग व्यवसाय, जिल्लाका अधिकांश कार्यालय प्रत्यक्ष मर्कामा परेको सिमकोट गाउँपालिका-५ का कर्णसिंह रोक्या गुनासो गरे। उनले भने, 'हिल्दुम वितरण केन्द्र हुम्लाले दैनिक रुपमा अघोषित लोडसेटिड गऱ्यो। जसका कारण यहाँको बजार क्षेत्र, गाउँघर उद्योग व्यवसाय, जिल्लाका अधिकांश कार्यालय प्रत्यक्ष मारमा पऱ्यो नै। हामी उपभोक्ता त भनै मारमा पऱ्यौं। हाम्रो दैनिकीमा नै असर परिरहेको छ लोडसेडिङले।'

बिद्युत आउने जाने भएपछि घरमा राखिएको कम्प्युटर, इलेक्ट्रोनिक डिभाइस, ल्यापटप, प्रिन्टर समेत बिग्रिएको रोकायाले बताए। 'दिनमा कति घण्टासम्म लोडसेटिड हुन्छ, भन्ने सकिन्न। यसले दैनिक जीवनमा असर त पारैकै छ,' उनले भने, 'लाइन आउने-जाने कारणले कम्प्युटर, इलेक्ट्रोनिक डिभाइस, ल्यापटप, प्रिन्टर बिगारि दिएको छ।' यता, जिल्लामा लोडसेटिङको चेपेटा सरकारी कार्यालय समेत पर्न गरेको परियोजना कार्यन्वयन इकाईका नायक सुब्बा लक्ष्मीप्रसाद अधिकारीले बताए। 'अहिले कार्यालयमा सोलार जडान गरिएको हुदाँ कम समस्या छ। बत्ति कतिबेला आउछ, जान्छ थाहा हुदैन। यसभन्दा अघि पूर्वाधार विकास कार्यालयबाट सोलारको लाइन मागेर पनि कामकाँज सञ्चालन गर्न बाध्य छौं।'

दैनिक लोडसेटिडले जिल्लामा रहेका दुई वटा रेडियो, पत्रपत्रिका र जिल्लाबाट रिपोर्टिङ गर्न सञ्चारकर्मीलाई समेत समस्या हुने गरेको नेपाल पत्रकार महासंघ हुम्लाका पूर्व अध्यक्ष अर्जुन बोहरालले बताए। 'अघोषित लोडसेटिड छ, तालिका वितरण केन्द्रले सार्वजनिक गरेको छैन। त्यसकारण हामी सञ्चारकर्मीलाई पनि जिल्लाबाट रिपोर्टिङ गर्न गाह्रो छ।' उनले बताए।

हिल्दुम वितरण केन्द्रका निमित्त कार्यालय प्रमुख कृष्ण प्रकाश वलीका अनुसार एक आर्थिक वर्षमा ९५ हजार ३२१.८३ युनिट बिद्युत खपत भएको छ। तर, दिर्घकालीन रुपमा हिल्दुम वितरण केन्द्रको व्यवस्थापन नहुदाँ हुम्लामा सेवाग्राही प्रत्यक्ष मारमा परेका छन्।

अघोषित लोडसेडिङका कारण मोबाइल चार्ज गर्न नपाएको छौं। त्यही पानीको कारणले धानेको छैन।' उनले भने, 'लोडसेटिड तालिका निकालेका छैनौ। दिनमा कति घण्टा लोडसेटिड हुन्छ म पनि जानकार छैन।'

८ वर्षदेखि एउटा मेसिन प्रयोगविहीन

५ सय किलोवाट भएको हिल्दुम वितरण केन्द्रको एउटा मेसिन ८ वर्षदेखि प्रयोगविहीन भएर बसेको छ। बिद्युत सञ्चालन भएदेखि एउटा मेसिन मात्रै सञ्चालन गरेपछि अर्को मेसिन प्रयोगविहीन भएको हो। मेसिन सञ्चालनमा नआएपछि खिया लागेर काम नलाग्ने भएको छ। हाल २५० किलोवाटको एउटा मेसिन सञ्चालन रहेको छ।

वर्षेनि करोडौं शुल्क असुल उपलोक्ता मारमा

हिल्दुम वितरण केन्द्र हुम्लाले बिद्युत उपभोग गरेबापत वर्षेनि करोडौं रकम असुल्ने गरेको स्थानीयहरुको गुनासो छ। हिल्दुम वितरण केन्द्र हुम्लाका अनुसार आर्थिक वर्ष ०८०/८१ म बिद्युत महसुल १ करोड २७ लाख ४३ हजार २२९ रुपैया २२ पैसा ग्राहकबाट महसुल उठाएको छ।

वितरण केन्द्र हुम्लाका निमित्त कार्यालय प्रमुख कृष्ण प्रकाश वलीका अनुसार एक आर्थिक वर्षमा ९५ हजार ३२१.८३ युनिट बिद्युत खपत भएको छ। तर, दिर्घकालीन रुपमा हिल्दुम वितरण केन्द्रको व्यवस्थापन नहुदाँ हुम्लामा सेवाग्राही प्रत्यक्ष मारमा परेका छन्।

अघोषित लोडसेडिङका कारण मोबाइल चार्ज गर्न नपाएको छौं। त्यही पानीको कारणले धानेको छैन।' उनले भने, 'लोडसेटिड तालिका निकालेका छैनौ। दिनमा कति घण्टा लोडसेटिड हुन्छ म पनि जानकार छैन।'

८ वर्षदेखि एउटा मेसिन प्रयोगविहीन

५ सय किलोवाट भएको हिल्दुम वितरण केन्द्रको एउटा मेसिन ८ वर्षदेखि प्रयोगविहीन भएर बसेको छ। बिद्युत सञ्चालन भएदेखि एउटा मेसिन मात्रै सञ्चालन गरेपछि अर्को मेसिन प्रयोगविहीन भएको हो। मेसिन सञ्चालनमा नआएपछि खिया लागेर काम नलाग्ने भएको छ। हाल २५० किलोवाटको एउटा मेसिन

अनुदान रोक्ने ट्रम्प घोषणाले एमसीसी प्रभावित नहुने

काठमाडौं/तीन महिनाका लागि वैदेशिक सहयोग रोक्ने अमेरिकी सरकारको निर्णयले मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी)को कार्यक्रम प्रभावित नहुने देखिएको छ। राष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यकारी आदेशअनुसार अमेरिकी विदेशमन्त्री मार्को रुबियोले विदेश मन्त्रालय र अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी नियोग (युएसएड)ले वा उनीहरूको माध्यमबाट लगानी भएको अमेरिकी सहयोग तीन महिनाका लागि रोक्ने निर्णय गरेका थिए।

अमेरिकाको वैदेशिक सहायताको पुनःमूल्यांकन र पुनर्सयोजनसम्बन्धी राष्ट्रपति ट्रम्पको कार्यकारी आदेशअनुरुप विदेशमन्त्री रुबियोले वैदेशिक सहायता कार्यहरूको समीक्षा शुरु गरेको पनि विदेश मन्त्रालयले जनाएको छ। यस्ता कार्यक्रमहरूलाई प्रभावकारी बनाउनुका साथै अमेरिका पहिलो एजेन्डाअन्तर्गतको अमेरिकी विदेश नीतिसँग मेल खाने बनाउनका लागि यस्तो गरेको उसले जनाएको छ।

यो निर्णयपछि विदेश मन्त्रालय र युएसएडले सञ्चालन गरेका कार्यक्रमहरू तीन महिनाका लागि रोकिएका छन्। तर, विदेशमन्त्रीले गरेको निर्णयमा एमसीसी नपरेकाले यो निकायअन्तर्गत विश्वभरि भएका लगानीहरू प्रभावित नहुने भएका हुन्।

अमेरिकी विदेशमन्त्रीको निर्णयपछि अमेरिकी सहयोग नियोग युएसएडका सबै कार्यक्रमहरू तीन महिनाका लागि स्थगित गर्न पत्र प्राप्त भएको अर्थ मन्त्रालयले बताएको थियो। 'सो पत्रमा एमसीसीको विषय उल्लेख छैन, त्यसो हुँदा एमसीसी अन्तर्गतका योजनाहरू प्रभावित हुँदैनन्,' मन्त्रालय स्रोतले बताये। विश्वका सबैभन्दा गरिब मुलुकहरूलाई सहयोग गर्न सन् २००४ मा अमेरिकी कंग्रेसले स्थापना गरेको एमसीसीले ती मुलुकहरूको प्रजातान्त्रिक शासन, आर्थिक स्वतन्त्रता र जनतामा लगानी गर्ने गर्दछ।

एमसीसीले निश्चित समयावधिभित्र कार्यन्वयन भइसक्नु पर्ने गरी आर्थिक वृद्धिलाई प्रवर्द्धन गर्न, गरिबी निवारण गर्न अनुदान प्रदान गर्छ। नेपालमा एमसीसीले प्रसारण लाइन निर्माण एवम् सडक सुधारमा ५५ करोड अमेरिकी डलर (७५ अर्ब ३५ करोड) डलर अनुदान प्रदान गर्दै छ।

सन् २०१७ मै एमसीसीले ५० करोड डलर प्रदान गर्ने सम्झौता गरेकोमा हालै थप ५ करोड प्रदान गर्ने गरी अमेरिकी कंग्रेसले पारित गरेको थियो। एमसिसीका पर योजनाअन्तर्गत प्रसारण लाइनका लागि निर्धारित बजेट अपुग हुने भएपछि एमसीसीले अनुदान थपेको हो। एमसीसीको अनुदानका अतिरिक्त नेपाल सरकारले यही परियोजनामा १९ करोड ५० लाख अमेरिकी डलर (करिब २६ अर्ब ७१ करोड रुपैयाँ) लगानी गर्दै छ।

गत वर्ष नै कार्यान्वयन (ड्रिन्ट इन्टु फोर्स) मा आएको परियोजना अब ४ वर्षअघि सम्पन्न भइसक्नुपर्ने हुन्। त्यसो नभए अमेरिकाले दिएको खर्च हुन बाँकी अनुदान फिर्ता हुनेछ।

युएसएडका परियोजनाको खर्च रोक्न अर्थको पत्राचार

अर्थ मन्त्रालयले एक सूचना जारी गर्दै ०५ मे २०२२ मा हस्ताक्षरित डेभलपमेन्ट अब्जेक्टिभ एग्रिमेन्ट (डीओएजी)मार्फत नेपाललाई प्राप्त अनुदान सहयोगमध्ये चारवटा परियोजनामा प्राप्त सहयोग तत्काल ९० दिनका लागि स्थगित भएको जानकारी अमेरिकी सहयोग नियोग (युएसएड)बाट आएको जनाएको छ। 'बजेटप्रणालीमार्फत सर्वसंचित कोषबाट भुक्तानी हुने प्रकृतिका परियोजनामध्ये स्वास्थ्य, शिक्षा, कृषि र समावेशी नीतिसम्बन्धी चारवटा परियोजनाहरूको स्रोतमा दायित्व सृजना हुने कार्य नगर्न सबै सम्बद्ध निकायहरूलाई जानकारी गराइएको छ,' अर्थ मन्त्रालयले जारी गरेको सूचनामा उल्लेख छ।

(स्रोत: अनलाइनखबर)

'सारंग' पोस्टरमा गम्भीर ऋचा

काठमाडौं/यही माघ २५ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'सारंग'को दोस्रो चरणको पोस्टर सार्वजनिक गरिएको छ। सोमबार जारी पोस्टर मा फिल्मका मुख्य चार पात्रहरु ऋचा शर्मा, उत्पल भा, बालकलाकारद्वय सम्राट थापा र आदित्य काफ्ले प्रस्तुत छन्। उनीहरुलाई गम्भीर भावमा देख्न सकिन्छ। यसले फिल्मको कथावस्तुमा संघर्ष गम्भीरभावनाहरूको मिश्रण रहेको संकेत गर्छ।

कोरियोग्राफरको रुपमा परिचित प्रशान्त तामाडको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा सुरज तमु, समीरमणि दीक्षित, मणि के राई, अनिषा न्यौपाने, निरज ब्ल्याक, विश्व स्याङ्बो, दीपिका थापा, सुमन सागर जंग केसी, प्रभात श्रेष्ठ लगायतको पनि अभिनय छ। फिल्ममा ऋचाले आमाको भूमिका निर्वाह गरेकी छन्।

दर्शन बुढ फिल्मसको प्रस्तुतिमा बनेको 'सारंग'को निर्माताम प्रेम तामाङ र फूलमाया तामाङ छन्। पुष्पा लिम्बू र बिनु गुरुङ सह-निर्माता रहेको फिल्ममा शंकर थापा 'स्माइल' र नकुल काकीको संगीत, सुष्मा राईको कोरियोग्राफी, गोपाल रायको डिओपी र मित्र डि गुरुङको सम्पादन छ। फिल्मले बाल मनोविज्ञान र धनी-गरिबबीचको खाडलको कथा देखाउने निर्देशक तामाङको भनाइ छ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई हुकक हुनुहोस्।

Printer Shop
The complete office solution
Contact No.9845292140,
057-527041, Schoolroad,
Hetauda-4
tonerhouse_htd@yahoo.com

हेटौंडाको सबै स्वास्थ्य केन्द्रबाट एचपीभी खोप दिइने

साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ हेटौंडा उपमहानगरको सबै स्वास्थ्यकेन्द्रबाट महिलाका लागि पाठेघरविरुद्धको एचपीभी खोप दिइने भएको छ । सोमबार हेटौंडा उपमहानगरपालिकास्तरीय खोप समन्वय समितिले आयोजना गरेको अभिमुखीकरण कार्यक्रममा उपमहानगर स्वास्थ्य शाखाप्रमुख सूर्यप्रसाद तिवारीले यसबारेमा जानकारी गराएका हुन् ।

हेटौंडामा यही माघ २२ गतेदेखि २८ गतेसम्म पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप अभियान सञ्चालन गर्न लागेको शाखाप्रमुख तिवारीले बताए । उनले नगरभित्रका स्वास्थ्यकेन्द्र र विद्यालयमा हुने सेसन (केन्द्र) बाट खोप अभियान सञ्चालन गर्ने बताए । खोप उपमहानगरक्षेत्रमा रहेका ८९ विद्यालयमा कक्षा ६ देखि १० सम्मका छात्रा र विद्यालय नगएका १० देखि १४ वर्ष उमेर समूहका किशोरीलाई लगाइनेछ ।

उनका अनुसार उपमहानगरमार्फत् सञ्चालित १ सय ११ स्वास्थ्यकेन्द्र र विद्यालयमा हुने १ सय १८ सेसनबाट कुल ९ हजार २३८ जनालाई खोप दिइने छ । अभियानलाई आगामी वर्षबाट विद्यालयस्तरमा ६ देखि १० कक्षासम्मका छात्रालाई नियमित खोप दिने शाखा प्रमुख तिवारी बताए । उपमहानगरको खोप समन्वय समिति प्रमुख तथा नगरप्रमुख मीनाकुमारी लामाको अध्यक्षतामा भएको अभिमुखीकरणमा उपमहानगर प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतम, विभिन्न वडाका अध्यक्ष, कार्यपालिका सदस्य, विभिन्न महाशाखा तथा शाखाका प्रमुखको उपस्थिति रहेको थियो ।

खेलपत्रकार बानियाँ मलेसिया प्रस्थान

साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ मलेसियाको राजधानी क्वालालम्पुरमा हिमालयन एफसीको आयोजनामा जनवरी २९-३१ मा हुने हिमालयन कप फुटबल प्रतियोगिताको समाचारका लागि मकवानपुरका खेलपत्रकार बिक्रम कुमार बानियाँ मलेसिया प्रस्थान गरेका छन् ।

फुटबल प्रतियोगिताको कमेन्ट्री गर्नको लागि मकवानपुरका खेलपत्रकार बानियाँ यसअघि पनि बिभिन्न देशमा गएका थिए । बानियाँ गोलनेपाल डटकममा सहसम्पादक एवम् बागमती प्रदेशप्रमुख पनि हुन् । हिमालयन एफसीले आयोजना गर्ने प्रतियोगितामा मलेसियामा रहेका १६ वटा नेपाली क्लबको सहभागिता रहेको छ । प्रतियोगिता चाइनिज नयाँवर्षको अवसरमा प्रत्येक वर्ष आयोजना गर्ने गरेको छ ।

यो प्रतियोगितामा मलेसियमा रहेका नेपाली खेलाडीले खेल्ने छन् । जो मलेसियामा रहेका छन् उनीहरुले मात्र खेल्ने प्रतियोगिता भएपनि यसलाई महत्वका साथ हेर्ने गरिन्छ । यो प्रतियोगिताको बिजेताले नेपाली १४ लाख रुपैयाँ तथा ट्रफी प्राप्त गर्नेछन् ।

स्वास्थ्य अनुसन्धानमा नैतिकता विषयमा दुईदिने तालिमको समापन

साझाकुरा संवाददाता

हेटौंडा,१४ माघ/मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको अनुसन्धान कमिटी र नेपाल स्वास्थ्य अनुसन्धान परिषदको संयुक्त आयोजनामा स्वास्थ्य अनुसन्धानमा नैतिकता विषयमा दुईदिने तालिम हेटौंडामा सकिएको छ ।

कार्यक्रमको अध्यक्षता प्रतिष्ठानका डा. इन्दिरा अधिकारी पौडेल तथा प्रष्ठिानका उपकुलपति डा. पदीप ज्ञवालीको प्रमुख आतिथ्यतामा भएको हो । कार्यक्रममा विशेष अतिथि डा. प्रमोद जोशी, सदस्यसचिव, नेपाल स्वास्थ्य अनुसन्धान परिषद साथै, अतिथि प्रतिष्ठानका रजिष्टार भीमसागर गुरागाई, प्राध्यापक दुर्गाकुमारी खड्का रहेका थिए ।

तालिममा प्रतिष्ठानका विभिन्न विभागका ३५ जना सहभागीले भाग लिएका थिए । तालिमको सहजीकरण नेपाल स्वास्थ्य अनुसन्धान परिषदका विज्ञ र चिकित्साशास्त्र अध्ययन संस्थानका डीन, प्रा.डा. मोहनराज शर्माले गरेका थिए । कार्यक्रमको उद्देश्य रिसर्च सदस्यलाई नियम, विनियम, मार्गदर्शन र स्वास्थ्य अनुसन्धानमा नैतिकता बारेमा जानकारी दिनु, स्वास्थ्य अनुसन्धानको नैतिक समीक्षा प्रक्रियामा ज्ञान र सीपलाई सुदृढ गर्नु, स्वास्थ्य अनुसन्धानको प्रस्ताव विकास र सञ्चालनको दौरानमा सिकेका नैतिकता सम्बन्धी ज्ञानलाई कार्यान्वयन गर्नु र स्वास्थ्य अनुसन्धानमा नैतिकताको आधारभूत सिद्धान्तलाई अपडेट गर्नु थियो ।

यस तालिमले स्वास्थ्य अनुसन्धानमा नैतिक अभ्यासलाई मजबुत बनाउन महत्वपूर्ण भूमिका खेल्ने र आगामी दिनमा यस्ता तालिमको निरन्तरता सुनिश्चित गर्ने प्रतिबद्धता कार्यक्रमका प्रमुख अतिथि उपकुलपति डा. ज्ञवालीले व्यक्त गरे ।

एमाले बागमती पुरानो जोगाएर नयाँ बढाउने अभियानमा

साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ नेकपा एमाले बागमती प्रदेशले तीनमहिने जरा अभियानलाई 'पुराना जगाउ, नयाँ बढाउ' नाराकासाथ सञ्चालन गर्ने भएको छ ।

बडा केन्द्रित अभियानलाई एमाले केन्द्रले जरा अभियान भनेको छ । आगामी चैतसम्म चल्ने जरा अभियानलाई बागमती एमालेले भने 'पुराना जगाउ, नयाँ बढाउ' नारा दिएको प्रदेश उपसचिव एवम् प्रचार विभाग प्रमुख भक्तकुमारी लामाले बताइन् । लामाका अनुसार यो अभियानमा सदस्यता नवीकरण र विस्तार, अन्तरविरोध समाधान तथा व्यवस्थापन, स्थानीय अधिवेशन, जनतासँग जनसंगठन, युवा नेतृत्वको विकासलगायत गतिविधि हुनेछन् ।

'संगठनात्मक सुदृढीकरण सँगै हामी पार्टीविरुद्ध भइरहेको हमलाको प्रतिवाद वैचारिक र सैद्धान्तिक शक्तिमार्फत् गर्नेछौं', लामाले भनिन् । १३ वटै जिल्लमा एकसाथ चल्ने यो अभियानको अनुगमन प्रदेश इन्चार्ज र प्रदेश पदाधिकारीले गर्नेछन् ।

भारतबाट ९० हजार टन गहुँ आयात गर्न आवेदन खुल्यो

काठमाडौं, १४ माघ/ सरकारले भारतबाट ९० हजार टन गहुँ आयात गर्न इच्छुक फर्म/कम्पनीका लागि आवेदन मागेको छ । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले भारतबाट उक्त परिमाणमा गहुँ आयात गर्न आज सोमबार सार्वजनिक सूचना जारी गरेको छ । इच्छुक फर्म/कम्पनीले ७ दिनभित्र विभागमा आवेदन दिइसक्नुपर्ने छ ।

विभागका अनुसार इच्छुक कम्पनील न्यूनतम १ सय टन र बढीमा १० हजार टनसम्म गहुँ आयात गर्न पाउनेछन् । यसरी आयात गर्न चाहने फर्म वा कम्पनीको चुक्ता पुँजी कम्तीमा १ करोड रुपैयाँ बराबर हुनुपर्ने सर्त छ ।

त्यस्तै गहुँ आयातका लागि नेसनल कोअपरेटिभ एक्स्पोर्टस लिमिटेडलाई शतप्रतिशत अग्रिम भुक्तानी गर्नुपर्ने हुँदा वित्तीय स्रोत सुनिश्चितता भएको हुनुपर्ने, कम्पनीले माग गरेका आधारमा प्राप्त कोटा विभागबाट अधिल्लो वर्ष आवेदक कम्पनीले राजस्वमा गरेको योगदान र खाद्यान्न आयातमा अनुभव भएकालाई गहुँ आयात गर्न सक्ने क्षमताका आधारमा प्राथमिकता दिई बाँडफाँट गरिने विभागले जनाएको छ ।

विभागका अनुसार एउटा फर्म वा कम्पनीले कम्तीमा १ सय टन र बढीमा १० हजार टन आयात गर्न पाउने गरी कोटा बाँडफाँट गरिने छ, कोटा प्राप्त भएको मितिले ३ महिनाभित्र आयात गरिसक्नुपर्ने छ भने अनुमति प्राप्त गरेका कम्पनीले गहुँ आयात गर्न नसक्ने भए अनुमति पाएको मितिले १५ दिनभित्र विभागलाई जानकारी दिनुपर्ने छ ।

त्यसैगरी गहुँ आयात गर्दा कानुन बमोजिम गुणस्तर मापदण्ड पालना गर्नुपर्ने, आयातित गहुँको मौज्दात, मूल्य, गुणस्तर र बिक्री विवरण साप्ताहिक रूपमा विभागमा पेस गर्नुपर्ने र अनुगमन विभागले गर्ने सूचनामा उल्लेख छ ।

हेटौंडामा अभिनेता नीर शाहको स्वागत

साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ प्रतिष्ठित अभिनेता तथा गीतकार नीर शाहलाई हेटौंडामा स्वागत गरिएको छ । भीम विराग संगीत साहित्य कला प्रतिष्ठान नेपालले प्रदान गर्ने अन्तर्राष्ट्रिय संगीत पुरस्कार ग्रहण गर्न सोमबार हेटौंडा आइपुगेका शाहलाई स्वागत गरिएको हो ।

शाहलाई प्रतिष्ठानले मंगलबार १६ औं संस्करणको 'बिजुलीमाया वन:श्रेष्ठ अन्तर्राष्ट्रिय संगीत पुरस्कार २०८१' बाट पुरस्कृत गर्दैछ । सोमबार हेटौंडा आइपुगेका शाहलाई प्रतिष्ठानले होटल एभोकाडोमा पन्चेबाजासहित स्वागत गरेको थियो । शाहसँगै वरिष्ठ साहित्यकार नगेन्द्र थापा पनि हेटौंडा आइपुगेका छन् ।

प्रतिष्ठानका अध्यक्ष केशवलाल श्रेष्ठ, पूर्वअध्यक्ष उज्ज्वल शर्मा भण्डारी, पुरस्कार संस्थापक कन्हैयाकृष्ण श्रेष्ठ लगायतले शाह र थापालाई स्वागत गरेका हुन् । व्यवसायी कन्हैयाकृष्ण श्रेष्ठले आफ्नी आमाको नाममा वि.सं. २०६४ सालमा यो पुरस्कार स्थापना गरेका थिए ।

स्वदेश तथा विदेशमा रहेर नेपाली गीतसंगीतको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने श्रष्टालाई प्रदान गरिने पुरस्कारबाट हालसम्म अम्बर गुरुङ, प्रेमध्वज प्रधान, भक्तराज आचार्य, फत्तेमान राजभन्डारी, शान्ति ठट्टाल, दीप श्रेष्ठ, प्रकाश श्रेष्ठ, न्हुच्छेबहादुर डंगोल, मीरा राणा, कर्म योञ्जन, चेतन काकी, दावा ग्याल्मो, दीपक जंगम, डा. किरण प्रधान र राजेन्द्र थापा पुरस्कृत भइसकेका छन् । स्थापना कालमा ५० हजार रहेको यो पुरस्कारको राशी २०६७ सालदेखि एक लाख पुऱ्याइएको छ ।

बालुवाटारमा ओलीसँगै देउवालाई कुर्सी

काठमाडौं, १४ माघ/ प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा चलिरहेको सत्ता साझेदार दलहरुको बैठकमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई पनि प्रधानमन्त्री केपी शर्मा ओलीसँग एउटै लहरमा राखिएका छन् ।

यसअघि बालुवाटारमै बस्ने बैठकहरुमा प्रधानमन्त्री ओली मात्रै अगाडि बस्ने गर्थे । देउवासहित अरु शीर्ष नेताहरु प्रधानमन्त्रीको सामुनेमा पर्नेगरी दुई लाइनमा राखिने कुर्सीमा बस्दै आएका थिए ।

तर आजको बैठकमा भने प्रधानमन्त्री ओलीसँग एउटै लहरमा देउवाको कुर्सी राखिएको छ । प्रधानमन्त्री ओलीले आजै मात्र एक सार्वजनिक कार्यक्रम मार्फत सरकार चलाउन कांग्रेसबाट पुरा साथ पाइरहेको बताएका थिए ।

'अहिले मैले नेपाली कांग्रेसबाट साथ पाएको छु । कुनै रिजर्भेसन बिना पुराका पुरा साथ पाएको छु । भोलि कांग्रेसले हामीबाट पुराका पुरा साथ पाउँछ', प्रधानमन्त्रीले भनेका थिए । प्रधानमन्त्री ओलीले १७-१८ महिनापछि देउवा प्रधानमन्त्री बन्ने पनि बताएका थिए ।

'अब १७/१८ महिना पछि शेरबहादुरजी प्रधानमन्त्री हुनुहुन्छ । उहाँले चलाउनु हुन्छ । मैले सहयोग गर्छु । नेकपा एमालेले पुराका पुरा सहयोग गर्छ, प्रधानमन्त्री ओलीले भनेका थिए ।

यस्तो अभिव्यक्ति दिएको केही घण्टाभित्र बालुवाटारमा बसेको सत्ता साझेदारहरुको बैठकमा देउवालाई पनि ओलीले आफूसँगकै लहरमा बस्ने व्यवस्था मिलाएका हुन् । आगामी १८ माघदेखि सुरु हुने संसद बैठकको विजनेशबारे छलफल गर्न यो बैठक बसेको नेताहरुले बताएका छन् ।

बैठकमा एमालेबाट ओलीसँगै उपप्रधानमन्त्री विष्णुप्रसाद पौडेल, कांग्रेसबाट उपसभापति पूर्णबहादुर खड्का, लोसपा अध्यक्ष महन्थ ठाकुर, नाउपा अध्यक्ष रञ्जिता श्रेष्ठ, जनमत पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ, जसपा नेपालका नेता राजकिशोर यादवलगायत सहभागी छन् ।

(स्रोत: अनलाइनखबर)

कालीमाटीमा सुन्तला आयात घट्यो, माग बढ्यो

काठमाडौं, १४ माघ/ कालीमाटी तरकारी बजारमा सुन्तलाको दैनिक आयात घटेको छ, तर बिक्री भने बढ्दै गएको छ । सुन्तलाको सिजन सकिन लागे सँगै आयात घटे पनि सुन्तलाको बिक्रीमा भन कमी नआएको व्यवसायीहरू बताउँछन् । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिका प्रवक्ता विनय श्रेष्ठले नेपाली सुन्तलाको सिजन अब विस्तारै सकिने लाग्दा आयात घटे पनि दैनिक माग भने बढिरहेको बताए ।

उनले संचारकर्मीसँग भने, 'अहिले कालीमाटी तरकारी बजारमा बढी नेपाली सुन्तला नै बिक्री भइरहेको छ । हामीले बाहिर बाट सुन्तला ल्याएका छैनौ । तर, सुन्तलाको सिजन विस्तारै सकिन लाग्यो । त्यसकारण यसको आगमन घट्दै गए पनि माग भने बढ्दो छ ।'

उनका अनुसार सुन्तलाको दैनिक आगनमन माघ ७ गते ८४ हजार ८०० केजी, माघ ८ गते ४० हजार ९२५ केजी, माघ ९ गते ४६ हजार १७५ केजी, माघ १० गते ५० हजार केजी, माघ ११ गते ४४ हजार ६७५ केजी, माघ १२ गते ४५ हजार २५ केजी, माघ १३ गते ३२ हजार ८७५ केजी पुगेको छ ।

कालीमाटी तरकारी बजारमा सिजनमा पश्चिम नेपालका तनहुँ, स्याङ्जा, म्यागदी, लमजुङ, गोरखा, बागलुङका सुन्तला आउने गरेको छ भने सिजन सकिनै लाग्दा पूर्वको काभ्रेबाट सुन्तला आउने गरेको प्रवक्ता श्रेष्ठको भनाइ छ । 'सिजनमा तनहुँ, स्याङ्जा, म्यागदी, लमजुङ, गोरखा, बागलुङका सुन्तला आउँछन्,' उनले भने, ' तर अहिले काभ्रेबाट सुन्तला आइरहेको छ । यताको सुन्तलाको माग बढ्दो छ । '

सिजन सकिएलगत्तै भार तबाट सुन्तला आउने गरेको उनले बताए । उनका अनुसार सबैभन्दा राम्रो सुन्तला ६ सय रुपैयाँ ढक, मध्यम खालको ५ सय रुपैयाँ र त्यसपछिका ४ सय रुपैयाँ ढक सुन्तला कालीमाटीबाट बिक्री भइरहेको छ ।

ट्राफिकबाट एक करोड ३२ लाख राजस्व संकलन

साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले पछिल्लो ६ महिनाको अवधिमा एक रोड ३२ लाख रुपैयाँभन्दा बढीको राजस्व संकलन गरेको छ ।

मकवानपुर ट्राफिकले चालु आर्थिक वर्ष २०८१/८२ को गत साउन महिनादेखि पुस मसान्तसम्ममा एक करोड ३२ लाख २४ हजार ५०३ राजस्व संकलन गरेको यो कार्यालयका प्रमुख प्रहरी निरीक्षक केशव अधिकारीले जानकारी दिए । उनका अनुसार, यो अवधिमा विभिन्न किसिमका १७ हजार ४१ सवारी साधनमाथि कारवाही गरिएको थियो । अघिल्लो आर्थिक वर्षको यो अवधिको तुलनामा यसवर्ष १६ लाख २० हजार ५०० बढी राजस्व संकलन भएको उनको भनाई छ ।

अघिल्लो आर्थिक वर्ष २०८०/८१ को यो अवधिमा १५ हजार ८५५ सवारीसाधनमाथि कारवाही गरी एक करोड १६ लाख चार हजार राजस्व संकलन गरेको थियो । यो अवधिमा मकवानपुरमा भएको १९६ सवारी दुर्घटनामा परेर २० जनाको मृत्यु भएको छ भने ९४ जना गम्भिर घाइते भएका छन् ।

ट्राफिक जाँचमा गरिएको कडाइका कारण राजस्व संकलनमा वृद्धि भएको प्रहरी निरीक्षक अधिकारीले बताए । सवारी दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनचेतनामूलक कार्यक्रम समेत सञ्चालन गर्दै आएको उनले बताए ।

२१औं बार्षिक साधारण सभा सम्बन्धी सूचना !

यस समितिको मिति २०८०/१०/१२ गतेका दिन बसेको व्यवस्थापन समितिको बैठकको निर्णयानुसार २१औं बार्षिक साधारण सभा तपसिलका विषयहरुमा छलफल गरी निर्णय लिन निम्न मिति, स्थान र समयमा बोलाउने निर्णय भएको सहर्ष जानकारी गराउँदै यहाँहरुको गरिमामय उपस्थितिको लागि सम्पूर्ण आजिवन सदस्यज्युहरुमा हार्दिक अनुरोध गर्दछौं ।

सभामा प्रस्तुत हुने छलफलका विषयहरु:

१. समितिका तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत प्रतिवेदन माथि छलफल गरि पारित गर्ने ।
२. कोषाध्यक्षज्यूद्वारा प्रस्तुत हुने लेखा परीक्षण तथा आर्थिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
३. विधान संशोधन उपसमितिले प्रस्तुत गरेको विधान संशोधन प्रस्ताव छलफल गरी परित गर्ने ।
४. आ.ब.२०८१/०८२ को लागि लेखा परीक्षकको नियुक्ति र निजको परिश्रमिक निर्धारण गर्ने ।
५. निर्णय पुस्तिका प्रमाणित गर्नका लागि प्रतिनिधि चयन गर्ने ।

कार्यक्रम:
मिति: २०८१/११/०३ गते शनिवार
स्थान: भुटनदेवी मन्दिरको सभाहल
समय: बिहान ११:०० बजे

श्री भुटनदेवी मन्दिर व्यवस्थापन तथा धार्मिक पर्यटन विकास समिति
सम्पर्क नं.
९८५५०७१७७७ (अध्यक्ष: राममान श्रेष्ठ)
९८५५०६७०९९ (उपाध्यक्ष: उत्तम शर्मा ढकाल)
९८४५०२८६२५ (सचिव: सञ्जय श्रेष्ठ)

यही माघ १७ गतेदेखि सञ्चालन हुँदैछ

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

हेटौंडाबाट छुट्ने समय	सिन्धुलीबाट छुट्ने समय	चकमकेबाट छुट्ने
बिहान : ७:३० बजे	बिहान: ९:०० बजे	बिहान : ६:०० बजे
बिहान : १०:०० बजे	दिउँसो : २:३० बजे	बिहान : ९:०० बजे
दिउँसो : १:३० बजे	दिउँसो : १२:१५ बजे	

नोट :
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।

"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

लागु औषधबाट बचौं र बचाऔं !

औषधको उत्पादन सञ्चय ओसार पसार, बिक्री बितरण तथा सेवन कानूनत: दण्डनीय अपराध हो । यस्ता गैर कानूनी गतिबिधीमा आफ पनि नलाग्नौं अरुलाई पनि लाग्न नदिऔं । लागु औषधको दुरुपयोगको बारेमा सचेत बनौं । स्वस्थ्य र सुखी परिवार समुन्नत समाजको लागी लागु औषधको दुर्व्यसनलाई निरुत्साहन गरौं ।

हेटौंडा उपमहानगरपालिका
१७ नं. वडा कार्यालय
हेटौंडा, मकवानपुर